चाडपर्वको संरक्षण र संवर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epprateekdaily.com

जनहितमा जारी सन्देश
- देशभरि हैजा देखापरिरहेको छ। सफा-सुग्घर तथा स्वस्थकर वातावरण बनाऔं।
- बासी खाना नखाउँ, पानी सफा, सकभर उमालेर खाऔं।
- सडक, फूटपाथमा जथाभावी सामग्रीले बनाएको खाना-नाश्ता बहिष्कार गरौं।
- नित्य स्नान, व्यायाम, प्रातःभ्रमण गरौं।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०४ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 September 20 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३

## प्राप्त उपलब्धिलाई संस्थागत गर्दै अगाडि बढौं –मुख्यमन्त्री सिंह

प्रस, जनकपुरधाम, ३ असोज/

संविधान जारी भएपश्चात् भएका उपलब्धिहरूलाई संस्थागत गरी अघि बढ्नुपर्ने आजको आवश्यकता भएको




मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बताएका छन् ।

संविधान दिवसको अवसरमा प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले बिहीवार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री सिंहले संविधानमा त्रुटि छ भने त्यसलाई संशोधन गरी अघि बढ्नुपर्ने विचार व्यक्त गर्दै विभिन्न आन्दोलन र बलिदानीबाट प्राप्त सङ्घीयता कसैले भन्दैमा समाप्त नहुने स्पष्ट पारे। सङ्घीयता लागू भएको सात वर्ष मात्रै भएको र प्रदेशले क्रमशः अधिकारहरू प्राप्त गरिरहेकाले अधैर्य नहुन उनको आग्रह थियो ।

मुख्यमन्त्री सिंहले मुलुकमा विकास निर्माणलगायत जे जति उपलब्धि भएका



छन्, ती सबै सङ्घीयताको देन भएकाले संविधानको मर्म तथा भावना एवं मूलमन्त्र अनुसार अगाडि बढेमा मुलुकको समृद्धि निश्चित रहेको दाबी गरेका छन् ।

प्रदेशमा आफ्नो प्रहरी, प्रशासन नभएसम्म सुशासन कायम गर्न चुनौती रहेको बताउँदै उनले शिक्षामा सुधारका लागि शिक्षक भर्नाको अधिकार प्रदेशलाई दिनुपर्ने तर्क गरे ।

कार्यक्रममा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले संविधान संशोधनको नाममा प्रतिगमनतर्फ फर्किन नहुने खबरदारी गर्दै अझै पनि मुलुकमा वर्तमान संविधान पूर्णरूपमा सुरक्षित भइनसकेको बताए ।

प्रदेश सभामुख मण्डलले वर्तमान संविधान विश्वकै उत्कृष्ट संविधान रहेको भन्दै यति राम्रो संविधानलाई प्रयोग गर्न प्रयोगकर्ता पनि इमानदार भइदिनुपर्ने बताए ।

कार्यक्रममा प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखी, प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए।

प्रदेशका मन्त्रीहरू, मन्त्रालयका सचिवहरू, चारवटै सुरक्षा निकायका उच्च पदस्थ कर्मचारीहरू, शिक्षक, विद्यार्थी, बुद्धिजीवी, पत्रकार, नागरिक समाजका व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको कार्यक्रममा कलाकारहरूले देशभक्तिका गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

यस अघि बिहान ७ बजे जनकपुरधामको रामानन्द चोकबाट प्रभातफेरी निकालिएको थियो । प्रभातफेरीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कर्मचारी, शिक्षक, विद्यार्थीको सहभागिता थियो ।

मधेस प्रदेश सरकारले संविधान दिवस औपचारिकरूपमा पहिलोपटक मनाएको हो । यस अघिका प्रदेश सरकारहरूले वर्तमान संविधान अनुसार प्रदेश सरकारको कुर्सीमा बस्ने, सोही संवैधानिक व्यवस्था अनुसार पारिश्रमिक, भत्ता पनि खाने तर संविधान दिवस भने नमनाउने गर्दै आएका थिए ।

**सङ्घीय सरकारका कारण सङ्घीयता कमजोर– मन्त्री काफ्ले**

प्रस, परवानीपुर/

बाग्मती प्रदेशका आर्थिक मामिला मन्त्री कुन्दनराज काफ्लेले सङ्घ सरकारको कारण सङ्घीयता कमजोर भएको आरोप लगाएका छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घमा बिहीवार उद्योगी-व्यापारीहरूसँगको छलफलमा उनले सङ्घ सरकारले प्रदेश सरकारलाई राजस्व उठाउने दायरा निर्धारण नगरेको र प्रदेश सरकारलाई दिंदै आएको बजेटमा पनि बर्सेनि कटौती गर्दै आएको बताए। उनले प्रदेशले उठाउने राजस्वको अधिकार सुनिश्चित गरिनुपर्ने बताए ।

उनले वीरगंज देशको राजस्व सङ्कलन हुने प्रमुख स्थान भएको र यहाँ राजस्व घट्दा त्यसको असर देश र सातवटै प्रदेशमा पर्ने बताए । उनले वीरगंजका व्यापारीहरूलाई बाग्मती प्रदेशमा लगानी गर्नका लागि आग्रह गरे । प्रदेश सरकारबाट सक्दो सहयोग हुने आश्वासनसहित उनले बाग्मती प्रदेशमा लगानीका लागि आग्रह गरेका थिए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले पर्सा र बारामा रहेका उद्योगहरूको समस्यालाई सरकारले गम्भीरतापूर्वक नलिएको आरोप लगाए। उनले सरकारले केवल राजस्व सङ्कलन गर्ने थलोको रूपमा वीरगंज-पथलैया औद्योगिक कोरिडरलाई लिएको तर यहाँका समस्याहरू सम्बोधन गर्नै नचाहेको गुनासो गरे । राजस्वको दर बढाउने कार्य मात्र भएकाले उद्योगी, व्यापारीहरू मर्कामा परिरहेको उनले बताए ।

वरिष्ठ उपाध्यक्ष हरि गौतमले सीमापारिको बजार गुलजार भएको तर वीरगंजलगायत सीमा क्षेत्रका नेपाली बजारहरू सुक्दै गएको बताए । उनले सीमापारिबाट अहिले ८० प्रतिशत सामान तस्करी भई आइरहेका र २० प्रतिशत सामान मात्र भन्सार बिन्दुबाट




आइरहेकाले राजस्व सङ्कलन प्रभावित भएको बताए ।

कोषाध्यक्ष शिवजी साह कलवारले चाडपर्वको समयमा चिनी, दालमा सरकारले १० प्रतिशत राजस्व र १० प्रतिशत अग्रिम आयकरको व्यवस्था गर्दा व्यापारीहरूलाई मर्का परेको बताए । व्यापार गरेर बाँच्ने सक्ने वातावरण सृजना नगर्ने हो भने अहिलेको अवस्थाभन्दा पनि झनै विकराल समस्या आउने चेतानवी दिए ।

महासचिव मनोज दासले बाग्मती सरकारले वीरगंज-काठमाडौं सडकखण्डलाई सुधार गर्नुपर्ने, द्रुतमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि थप दबाब बनाउनुपर्ने



सुझाए । ती योजनाहरूबाट बाग्मती प्रदेशलाई पर्यटनलगायत अन्य आर्थिक क्षेत्रमा टेवा पुग्ने उनको भनाइ थियो ।

कार्यक्रममा उपाध्यक्ष माधव राजपाल, सहसचिव प्रेमचन्द्र गोयललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा बाग्मती प्रदेशका अर्थसचिव कृष्ण मैनालीको पनि सहभागिता थियो ।

**देश समृद्ध नभएसम्म संविधानको विरोधमा आवाज कम नहुने –डा पुन**

प्रस, निजगढ/

निजगढ नगरपालिकामा संविधान दिवस मनाइएको छ। कार्यक्रमकी प्रमुख अतिथि एवं मधेस प्रदेशसभा सदस्य माला लामाले संविधानले सबै नागरिकका हकअधिकार सुनिश्चित गरेको बताइन्। उनले जारी संविधानलाई आत्मसात् गर्नाले देश समृद्धितर्फ अघि बढ्ने बताइन्।

निजगढ नगरपालिका प्रमुख सुरथ पुरीले शहीदहरूको बलिदान र आम नेपालीको सङ्घर्षबाट स्थापित संविधान अहिलेसम्मकै उत्कृष्ट भएको बताए । उनले संविधान लिखित दस्तावेज भएको र समयसापेक्ष संशोधन गर्न सकिने बताए। उपप्रमुख सोममाया थिङले संविधानले परिकल्पना गरेअनुरूप र जनताले चाहे अनुसार देश समृद्धितर्फ अघि बढ्न नसकेको बताउँदै संविधानको रक्षा गर्दै विकास कार्यमा अघि बढ्नुको अर्को विकल्प नभएको बताइन् ।

नेपाली वैज्ञानिक डा महावीर पुनले विज्ञान प्रविधिको विकास र खोज, अनुसन्धान तथा आविष्कारविना मुलुकको विकास सम्भव नहुने बताए । उनले अनुसन्धान र आविष्कारमा मुलुकले लगानी गरेको खण्डमा त्यसको प्रतिफल विकासको रूपमा पाउने जिकिर गरे । उनले भने, "जबसम्म विकास र समृद्धि प्राप्त हुँदैन, तबसम्म संविधानको विरोधमा आवाज उठ्न कम हुँदैन ।

कार्यक्रममा जिल्ला समन्वय समिति, बाराकी उपप्रमुख चन्द्रिका उप्रेती, निजगढकी पूर्वउपप्रमुख लीलादेवी लामिछाने, वडाध्यक्ष स्वर्ण लामा, समाजसेवी नवराज तिमल्सिना, सन्तोष दङ्गाल, मोजहर मन्सुरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले स्वागत र अजय उप्रेतीले सहजीकरण गरेका थिए ।

**प्रस, वीरगंज/**

नेकपा एमाले पर्साले संविधान दिवस तथा राष्ट्रिय दिवस पार्टी कार्यालय मनमोहननगर वीरगंजमा कार्यक्रम गरी मनाएको छ । कार्यक्रममा प्रदेशसभा सदस्य वीणा शर्माले झन्डात्तोलन गरेकी थिइन् । कार्यक्रममा अधिवक्ता हरेराम सर्राफले संविधान गतिशील दस्तावेज भएकोले समयानुकूल जनचाहना अनुसार संशोधन गर्न सकिने बताए । उनले संविधानको विषयमा विभिन्न खालका भ्रमको खेती गर्नेहरूसित सावधान रहन सचेत गरे ।

(बाँकी दोस्रो पातामा)

## पोखरियामा एक सातामा पाँचजनालाई डेङ्गी

धर्मेन्द्र चौरसिया, पोखरिया, ३ असोज/

पर्साको ग्रामीण भेगमा डेङ्गी रोगका बिरामीहरू बढ्दै गइरहेका छन् ।

पोखरिया नगरपालिकालगायत ग्रामीण भेगमा विगत केही दिनदेखि डेङ्गी रोगका बिरामीहरू बढ्दै गएको पोखरिया जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा अनिल यादवले बताए।

उनले अहिले दैनिकजसो एक/दुई जना डेङ्गी रोगका बिरामीहरू फेला पर्ने गरेको बताए। अहिले पोखरिया जिल्ला अस्पतालमा दैनिक करीब दुई सय बिरामीको चेकजाँच भइरहेको र तीमध्ये एकाधमा डेङ्गी रोगका बिरामी हुने गरेको उनले बताए ।

उनले अस्पतालमा ज्वरोका बिरामीहरूको रगत परीक्षण गर्दा उनीहरूमा डेङ्गी फेला परेको बताए । निमित्त मेसु डा यादवले एक सातामा पाँचजनामा डेङ्गी रोग फेला परेको बताए।

## संविधानको विरोध गर्दा १५ जना पक्राउ

प्रस, वीरगंज, ३ असोज/

संविधान दिवसको विरोधमा प्रदर्शन गर्दा वीरगंजमा आम जनता पार्टी र जनमत पार्टीका नेता, कार्यकर्ताहरूलाई



पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

संविधान दिवसको विरोधमा बिहीवार तीनवटा पार्टीले विरोध कार्यक्रम गरे पनि प्रहरीले दुई पार्टीका १५ जनालाई नियन्त्रणमा लिएको छ।

दिवसको विरोधमा आजपाले आज वीरगंजमा संविधानको अन्त्येष्टि कार्यक्रम आयोजना गरेको थियो। संविधानविरोधी नाराबाजी गरेर प्रदर्शन गरेको आजपाका नेता, कार्यकर्ताहरूले अन्त्येष्टि कार्यक्रम गर्न नपाउँदै दिउँसो प्रहरीले हस्तक्षेप गरेर बाबुराम कौशिकलगायत नौजनालाई नियन्त्रणमा लिएको थियो ।

यसैगरी, साँझ मधेस प्रदेशको सत्तारूढ जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफसहित छजनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। कालो ब्यानरमा संविधान दिवसको विरोधमा उत्रिएका जनमत पार्टीका कार्यकर्ताहरूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी, पर्साले पनि घण्टाघरमा संविधानको विरोधमा प्रदर्शन गरेको थियो। जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झा नेतृत्वमा लोसपाका कार्यकर्ताहरूले कालो झन्डा उडाएर प्रदर्शन गर्दा प्रहरीले कालो झन्डा नियन्त्रणमा लिएको थियो । नेता, कार्यकर्तालाई भने पक्राउ गरेन ।

संविधान जारी भएदेखि मधेस प्रदेश सरकारको बागडोर सम्हाल्दै आएको जसपा नेपालले भने आज संविधानविरुद्ध कुनै पनि गतिविधि गरेको पाइएन । जसपा नेपालका नेताहरू केन्द्रीय सरकार र मधेस प्रदेशको सरकारमा बस्दा आजको दिनलाई कालो दिनको रूपमा मनाउँदै आएका थिए। सरकारीस्तरबाट मनाइने कार्यक्रममा पनि सहभागी हुने गरेका थिएनन् । अहिले जसपा नेपाल टुक्रिएर जसपा भएको छ । जसपा सङ्घीय सरकारमा छ भने जसपा नेपाल सङ्घ र प्रदेश दुवैबाट बाहिरिएको छ।

## कबड्डीका राष्ट्रिय खेलाडी सागरको उपचारमा बेवास्ता

प्रस, वीरगंज, ३ असोज/

वीरगंज महानगरपालिका-१५ लछुमनवा निवासी राष्ट्रिय कबड्डी खेलाडी सागर यादव प्रदेशस्तरीय खेल खेल्ने क्रममा घाइते भई विगत दुई सातादेखि काठमाडौंको ट्रमा सेन्टरमा उपचार गराइरहेका छन् ।

खेलका क्रममा घाइते भएका कबड्डीका राष्ट्रिय खेलाडी यादवको उपचारमा अहिलेसम्म कुनै सरकारले चासो राखेका छैनन् । उनको दायाँ खुट्टा भाँचिएको र शरीरका विभिन्न भागमा चोट लागेको छ ।

घाइते भाइको उपचारमा नेपाल राष्ट्रिय कबड्डी सङ्घ तथा मधेस प्रदेश कबड्डी सङ्घले उपचारमा कुनै सहयोग नगरेको सागरका दाजु जयशङ्कर यादवले बताए ।

उनको उपचारमा अहिलेसम्म पाँच लाख खर्च भएको उनले बताए । सङ्घ, प्रदेश र वीरगंज महानगर गरी तीनै



तहका सरकारले चासो नलिएको दाजु यादवले बताए ।

## विचारसार र सूक्तिहरू

सम्बन्धमा सबैभन्दा राम्रो रगतको भएपनि पति–पत्नीबीचको सम्बन्ध घनिष्ट हुन्छ, तर सबैभन्दा खराब पनि त्यही हुन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# जैविक मलतर्फ लागौं

हाम्रो मुलुकजस्तो कृषिप्रधान देशमा कृषि उत्पादनका लागि मलको प्रयोग अत्यावश्यक छ । जैविक मल वा रासायनिक मल, बालीको लागि कुनै न कुनै मल प्रयोग गर्नैपर्छ । हामीकहाँ विशेषगरी बाली लगाउने र पोटचाउने समयमा सिंचाइसँगै मल चाहिन्छ । बालीलाई आवश्यक पर्ने बेलामा किसानले रासायनिक मल खरीद गर्ने हुन् । उनीहरूले मल भण्डारण गरेर राख्न सम्भव छैन । चाहिएको बेला समयमा सहज तरीकाले मल उपलब्ध भइदिए मात्रै पनि किसानले राहत महसूस गर्नेछन् । यसरी उपलब्ध गराउने दायित्व सरकारको हो ।  तर हाम्रो मुलुकमा हरेक बाली रासायनिक मलको हाहाकार हुने गरेको छ । यसो हुनु किसान र कृषिका लागि गम्भीर समस्या हो ।

जैविक वा रासायनिक मलले माटोमा बालीका लागि आवश्यक नाइट्रोजन, फास्फोरस र पोटाशियम जस्ता पोषक तत्त्वहरू उपलब्ध गराउँछ । यी तत्त्वहरू खेतीको उत्पादनशीलता वृद्धि गर्नका लागि महत्त्वपूर्ण हुन्छन् । किसानले सही समयमा र सही मात्रामा मलको प्रयोग गर्दा उत्पादनमा वृद्धि हुन्छ । मुलुकको खेतीबाली रासायनिक मलमा निर्भर छ । कतिपय किसानले जैविक मलबारे बिर्सिसकेका छन् । तर  किसानले समयमा रासायनिक मल पाउँदैनन् । यसो हुँदा हुनुपर्ने जति कृषि फसल उत्पादन हुन सक्दैन । रासायनिक मलको हाहाकारको समस्या विभिन्न कारणहरूले उत्पन्न भएका छन् । नेपालको कृषि प्रणालीमा रासायनिक मलको माग निरन्तर वृद्धि हुँदै गइरहको छ । उदाहरणको लागि यसपटक चार किलो युरिया छरेको खेतमा अर्को वर्ष डेढ गुणाले वृद्धि गर्नुपर्छ । अर्थात् साढे सात किलो छर्नैपर्ने हुन्छ । अर्कोतर्फ रासायनिक मल प्रयोगको क्षेत्र विस्तार भइरहेका छन् । तर मल आयात भने सीमित छ । हरेक वर्ष रासायनिक मलको परिमाण बढाउँदै जाँदा कृषि उत्पादनमा किसानको लगानी बढ्दो छ भने अर्कोतर्फ मुलुकले आयात गरेको रासायनिक मलले आवश्यकता धान्न सकेको छैन । आवश्यकता अनुसार रासायनिक मल प्रयोग गर्न नपाउँदा बालीमा लागेको लगानीसमेत डुब्ने गरेका छन् । मुलुकमा पर्याप्त मल आपूर्ति भएको बेला वा मल प्रयोग हुने बाली थोरै रहँदा बालीहरूमा आवश्यता अनुसार रासायनिक मल दिन सक्ने अवस्था रहन्छ । तब पनि किसानले समयमा मल पाउँदैनन् । मुख्यतः सरकारी नीति तथा अदूरदर्शिताका कारण यस्तो भएको हो । मल आयात, भण्डारण र बिक्री वितरणमा सुव्यवस्था र पारदर्शिताको अभाव छ ।

रासायनिक मलमा निर्भरता बढ्नु र जैविक मलको प्रयोगमा कमी हुनु दीर्घकालीन समस्याको सङ्केत हो । अहिलेसम्म हाम्रो मुलुकको कृषि प्रणाली ७५ प्रतिशत रासायनिक र करीब २५ प्रतिशत जैविक मलले धानेको छ । मुलुकका कतिपय स्थानमा रासायनिक मल पुगेकै छैन । रासायनिक मलको क्षेत्र विस्तारको क्रममा रहेकोले भविष्यमा मुलुकका सबै किसानसम्म थोरै भएपनि रासायनिक मलको पहुँच हुनेछ । तर मलको अपर्याप्तताले खेती प्रणालीलाई  दोधारमा पुर्‍याउँछ । यसर्थ समस्या समाधानका लागि सरकारले रासायनिक मलको आयातमा वृद्धि गर्ने, मुलुकमैं रासायनिक मल उद्योग स्थापना तथा सञ्चालनतर्फ अग्रसर हुने, नैतिक र पारदर्शी वितरण प्रणाली बनाउने साथै जैविक मलको प्रयोग तथा प्रवर्द्धनलाई बढावा दिनेतर्फ अग्रसर हुनुपर्छ । केही जैविक खेती क्षेत्र छुट्टयाएर अभ्यासको थालनी गर्नुपर्छ ।

# संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा सुधारको खाँचो

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**बदलिंदो परिस्थितिमा सुरक्षा परिषद्लाई अझ बढी प्रभावकारी बनाइनु आवश्यक भइसकेकोले सुरक्षा परिषद्सहित पूरै संयुक्त राष्ट्रसङ्घमा सुधारको आवश्यकतासहित समकालीन यथार्थलाई प्रतिविम्बित गर्ने उद्देश्यले यसलाई सान्दर्भिक र उत्तरदायी एवं सक्षम बनाइनु आवश्यक छ ।**

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को ढाँचामा सुधार आउनुपर्ने र भारतजस्ता विकासशील राष्ट्रको प्रतिनिधित्व बढ्नुपर्नेजस्ता विषय विगत लामो समयदेखि संयुक्त राष्ट्रसङ्घको महासभामा चर्चाको विषय रहँदै आएको छ । अब त जी–२० जस्ता अन्तर्राष्ट्रिय मञ्चबाट समेत पनि यो विषयले महत्त्व पाउन थालेको छ । सन्तुलनको दृष्टिकोणले र समानताको सिद्धान्तलाई मूर्तरूप प्रदान गर्न पनि सुरक्षा परिषद्को ढाँचामा समयसापेक्ष परिवर्तन हुनु आवश्यक देखिन्छ । यस विषयमा सुरक्षा परिषद् स्थायी समितिका अधिकांश सदस्य राष्ट्रसहित संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू पनि एकमत छन् ।

बदलिंदो परिस्थितिमा सुरक्षा परिषद्लाई अझ बढी प्रभावकारी, बढी प्रतिनिधित्वकारी, उत्तरदायी एवं सक्षम बनाउनु आवश्यक भइसकेकोले यसको संरचनामा परिवर्तन आउनुपर्छ । हुनत विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश भारतसहित ब्रजील, जर्मनी र जापानजस्ता देशको नाम पनि चर्चामा आउने गरेका छन् तर भारतको दाबी बढी तथ्य एवं तर्कसङ्गत तथा सान्दर्भिक देखिन्छ । हाल भारतले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को पनि अध्यक्षता गरिरहेको छ । साङ्घाई सहयोग सङ्गठन, ब्रिक्स, आसियान र क्वाडजस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सङ्गठनमा भारतको प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह हुँदै आएको छ । संयुक्त राष्ट्रसङ्घको भूमिकालाई प्रभावकारी एवं सबैका निम्ति स्वीकार्य बनाउन पनि सुरक्षा परिषद्को ढाँचामा सुधारको आवश्यकता देखिन्छ ।

भारतका विदेशमन्त्री एस जयशङ्करले भारतलाई संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्थायी सदस्यता प्रदान नगर्दा संयुक्त राष्ट्रसङ्घकै विश्वसनीयतामा प्रश्न उठ्ने टिप्पणी गर्छन् । उनले दोस्रो विश्वयुद्धको समयमा गठन भएको विश्व संस्थामा त्यति बेला ५० राष्ट्र मात्र सदस्य रहेका तर अहिले १९३ राष्ट्र सदस्य रहेकाले परिवर्तित समयअनुरूप राष्ट्रसङ्घको संरचनामा परिवर्तन आवश्यक भएको भनेका छन् । अफ्रिकी, ल्याटिन अमेरिकी र जनसङ्ख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो देश र पाँचौं ठूलो अर्थतन्त्र भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्न नसकिने भनेका छन् । रूस र युक्रेनबीच जारी युद्धलाई भारतले नै समाधान गर्न सक्ने आम मान्यता छ ।

संयुक्त राष्ट्रसङ्घको चार्टर (बडापत्र)मा पनि विश्वका आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय समस्या समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको विस्तार गरिने लक्ष्य राखिएको छ । सन् २००१ को सेप्टेम्बर ९ को आतङ्ककारी घटना, केही वर्ष अघि ७ जुलाईमा लन्डनमा भएको आतङ्ककारी घटना, भारतको संसद् भवन र त्यसको केही वर्षपछि मुम्बईको होटेल ताजमा भएको आतङ्ककारी घटनालगायत विश्वका अन्य केही ठाउँमा आतङ्ककारी घटनाप्रति साझा चिन्ता व्यक्त हुनु र यसको विरोधमा साझा अभियान चलाइनु पनि आवश्यक छ तर सुरक्षा परिषद्का सबै सदस्य राष्ट्र यस विषयमा एक मत देखिंदैनन् । अब त सुरक्षा परिषद्को निर्णय पनि बहुमतको आधारमा हुनुपर्ने गरी त्यसको चार्टरमा संशोधन हुनु आवश्यक देखिन्छ । किनभने आतङ्का घटना र आतङ्ककारीको परिभाषा पनि रोजाइका आधारमा हुने गरेको छ ।

संयुक्त राष्ट्रसङ्घ तथा यसका विभिन्न एजेन्सीमा संसारभरिका मुलुकको एउटा सन्तुलित प्रतिनिधित्व समयको पनि माग हो । संयुक्त राष्ट्रसङ्घमा सुधारका लागि निकै लामो समयदेखि चर्चा चल्दै आएको छ । तर केही शक्तिशाली सदस्य राष्ट्रहरूको निहित स्वार्थका कारण यसमा परिवर्तन आउन सकिरहेको छैन । वर्तमान परिप्रेक्ष्यमा सुरक्षा परिषद्को संरचनामा परिवर्तन आउनुपर्ने मागका पछाडि समता र न्यायको भन्दा पनि पुरानो ढाँचालाई पुरातन र अप्रसाङ्गिक मान्नेको जमात ठूलो सङ्ख्यामा हुनु हो ।

संयुक्त राष्ट्रसङ्घको स्थापना हुँदा यसको सदस्य सङ्ख्या ५१ मात्रै थियो । त्यति बेला अमेरिका, सोभियत सङ्घ, बेलायत, फ्रान्स र चीनलाई भिटो पावरयुक्त देश घोषित गरी सुरक्षा परिषद् गठन गरियो । वर्तमान अवस्थामा यसको सदस्य राष्ट्रको सङ्ख्या दुई सयको हाराहारीमा पुगेको छ । यस्तो अवस्थामा पनि सुरक्षा परिषद्को ढाँचामा परिवर्तन नहुनु दुर्भाग्यपूर्ण हो ।

वर्तमान अवस्थामा प्रत्येक राष्ट्र सम्प्रभुतासम्पन्न छन् । यस दृष्टिकोणले समानताको सवालमा प्रत्येक राष्ट्रले सुरक्षा परिषद्को सदस्यता हासिल गर्ने अधिकार पाएको छ । शीतयुद्धको समाप्ति र सोभियत सङ्घको विघटनपश्चात् विश्व एक ध्रुवीय हुन गएको छ । अहिले भूमण्डीकरण तीव्र गतिमा बढेको छ । सूचना र सञ्चार क्रान्तिले ठूलो फड्को मारेको छ । आर्थिक वर्चस्व कायम गर्न नयाँ अन्तर्राष्ट्रिय मञ्च शक्तिशाली भएर देखा परिरहेका छन् । भारत अहिले विश्वको उदाउँदो आर्थिक शक्ति राष्ट्रका रूपमा चर्चित छ ।

अहिले नै विश्वको पाँचौं ठूलो अर्थव्यवस्था बनेको भारत चाँडै नै तेस्रो र दोस्रो स्थानमा पनि पुग्नेछ । सूचना र प्रविधिको क्षेत्रमा पनि यसले उल्लेखनीय प्रगति गरेको छ । आणविक शक्तिसम्पन्न भारतले अहिलेसम्म गरेका ठूलाठूला अनुसन्धान र प्रयोग गोप्य तथा जवाफदेहीपूर्ण रहेका छन् । १३४ करोड जनसङ्ख्या भएको र विश्वको सबैभन्दा लोकतन्त्रवादी देश भारत समयसमयमा आफ्नो जवाफदेहिताको प्रदर्शन गर्दै आएको छ । त्यसबाहेक संयुक्त राष्ट्रसङ्घको आह्वानमा खट्दै आएका यसका शान्ति सेनाको भूमिका पनि सराहनीय रहिआएको छ ।

हुनत संयुक्त राष्ट्रसङ्घको वार्षिक अनुदानको २० प्रतिशत भाग सहयोग गर्दै आएको जापानको दाबेदारी पनि बलियो रहिआएको छ । तर दोस्रो विश्वयुद्धमा जापान र जर्मनीलाई शत्रु पक्षका रूपमा घोषित गरेका अहिलेका स्थायी सदस्य आफ्नो पुरानो ईर्ष्या र पूर्वाग्रह सजिलै त्यागलान् यसको अपेक्षा गर्न सकिंदैन । भारतको हकमा भने त्यस्तो छैन ।

विश्व अर्थव्यवस्थामा अनेकौं गुणा विस्तार भएको देखिए पनि विकासशील र कम विकसित देशको अर्थव्यवस्था अझ पनि चिन्ताकै विषय रहेको छ । एक तथ्याङ्क अनुसार विश्वका एक अर्ब मानिस भयङ्कर गरीबीको सामना गरिरहेका छन् । आज पनि अफ्रिकामा अधिकांश जनता गरीबी, कुपोषण तथा रोगबाट ग्रसित छन् । यिनै कारणले गर्दा संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन (युनिडो)जस्ता विशिष्ट एजेन्सीमा धेरै काम हुनुपर्ने आवश्यकता देखिन्छ । यद्यपि युनिडोले अत्यन्त पिछडिएका देशमा सफलतापूर्वक आफ्नो कामको थालनी गरेको छ तर पनि यस क्षेत्रमा धेरै काम गर्नुपर्नेछ । संयुक्त राष्ट्रसङ्घले यस क्षेत्रमा पनि आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेछ ।

भारतले एशिया र अफ्रिकाका गरीब देशको भावना र चाहनालाई पनि राम्ररी बुझेको कारण यस दिशामा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । विश्व व्यापार सङ्गठनजस्ता संस्थाबाट पनि गरीब र विकासशील राष्ट्रका लागि लाभ पुग्न सक्ने किसिमका काम हुन सकिरहेको छैन । बढ्दो प्रदूषण पनि अहिले एउटा गम्भीर समस्याका रूपमा देखा परेको छ । जलवायु परिवर्तनले विकासशील विश्वका लागि विशेष जोखिम खडा गर्ने गरेको छ, जहाँ मुलुक आफ्नो दायित्व पूरा गर्न नसक्ने अवस्थामा पुग्न सक्छन् । भारत भने यस्ता देशको पनि आवाज बन्न सक्छ ।

बदलिंदो परिस्थितिमा सुरक्षा परिषद्लाई अझ बढी प्रभावकारी बनाइनु आवश्यक भइसकेकोले सुरक्षा परिषद्सहित पूरै संयुक्त राष्ट्रसङ्घमा सुधारको आवश्यकतासहित समकालीन यथार्थलाई प्रतिविम्बित गर्ने उद्देश्यले यसलाई सान्दर्भिक र उत्तरदायी एवं सक्षम बनाइनु आवश्यक छ । संयुक्त राष्ट्रसङ्घको भूमिका प्रभावकारी एवं सबैका निम्ति स्वीकार्य बनाउन पनि यसको ढाँचामा खासगरी सुरक्षा परिषद्को ढाँचामा सुधार आवश्यक देखिन्छ । संयुक्त राष्ट्रसङ्घका महासचिवले पनि भारतजस्ता देश संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य हुनुपर्ने पक्षमा आफ्नो धारणा राखिसकेका छन् ।

ब्रिटेन, अमेरिका, फ्रान्स र रूसका राष्ट्रपति तथा प्रधानमन्त्रीले पनि समयसमयमा भारतको प्रतिनिधित्वको आवश्यकता महसूस गरिसकेका छन् र भारतलाई आफ्नो समर्थन व्यक्त गर्दै आएका छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई समयानुकूल र विश्वको बदलिंदो चाहना एवं भावना अनुसार विस्तार गर्नु आवश्यक छ, अन्यथा यसले आफ्नो सान्दर्भिकता पनि गुमाउन पुग्नेछ । संयुक्त राष्ट्रसङ्घको यस वर्षको सम्मेलनमा यस विषयले प्राथमिकता पाउनु आवश्यक छ । यसको संरचनामा समयसापेक्ष सुधारको खाँचो पनि छ ।

### प्राप्त उपलब्धि ...

एमाले जिल्ला कमिटी पर्साका अध्यक्ष डा विश्वम्भरकुमार शर्माको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश कमिटी सदस्य मुन्तुरा चौधरी, जिल्ला कमिटी उपाध्यक्ष मनोजकुमार गुप्ताले संविधान दिवसको शुभकामना दिएका थिए । कार्यक्रमको सहजीकरण सचिव महेश दासले गरेका थिए ।

**प्रस, सिम्रौनगढ/**

सिम्रौनगढ नगरपालिका–७ स्थित सिम्रौनगढ नगरपालिका कार्यालयमा बिहीवार संविधान र राष्ट्रिय दिवस मनाइएको छ ।

नगरप्रमुख किशोरीप्रसाद कलवारले झन्डोत्तोलन गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए । उनले संविधान देशको लिखित दस्तावेज भएको बताए । उनले शासन व्यवस्था सञ्चालनका लागि बनेको लिखित दस्तावेज समयसापेक्ष संशोधन गर्न सकिने बताए । उनले संविधान त्रुटिपूर्ण बताउनेहरूले यसको संशोधनमा जोड दिनुपर्ने सुझाए । संविधान आफैंमा गलत हुँदैन, त्यसमा लेखिएका बुँदाहरूमा आपत्ति भए वा थप कुराहरू राख्नुपर्ने भए संशोधनको माध्यमबाट सच्याएर सबैलाई मान्य बनाउन सकिने बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र साह, स्वास्थ्य संयोजक विजय ठाकुर, प्रशासनका राजेन्द्र साह, समाजसेवी शेख मोतिन, वडाध्यक्ष रामदिनेशप्रसाद यादवलगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राई, सशस्त्र प्रहरी निरीक्षक माधव ढुङ्गेललगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण मणु यादवेन्द्रले गरेका थिए ।

**प्रस, कलैया/**

संविधान दिवसको उपलक्ष्यमा नेपाल विद्यार्थी सङ्घ जिल्ला कार्य समिति बाराले रामराजा बहुमुखी क्याम्पसमा कार्यक्रम गरेको छ । नेविसङ्घ बाराका अध्यक्ष समीर चौधरीले राष्ट्रिय झन्डा फहराएका थिए ।

उनले नेविसङ्घले देशको झन्डा कहिले पनि झुक्न नदिने बताए । उनले संविधान रक्षाका लागि जुनसुकै बलिदान दिन पनि तयार रहेको बताए । देशमा परिवर्तनका लागि लड्दै आएको र आगामी दिनमा पनि आफ्नो कर्तव्य निर्वाहमा नेविसङ्घ पछि नपर्ने उनले बताए ।

कार्यक्रममा नेविसङ्घका शिव चौधरी, नेजामुद्दीन अन्सारी, त्रिभुवन विश्वविद्यालय स्ववियु एकाइ सभापति श्यामराज ओझा, अनिल खनाल, महान गिरी, बलिराम दास, मनीष चौधरी, प्रदीप यादव, नारायण रिमाल, राकेश राजपूत, निरोज थापा, राजु पटेल, दीपेन्द्र चौधरीलगायतको सहभागिता थियो ।

**दिनेशकुमार मिश्र, वीरगंज/**

पोखरिया नगरपालिकाको आयोजनामा बिहीवार संविधान दिवस र राष्ट्रिय दिवस मनाइएको छ । पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले दिवस मनाउने क्रममा झन्डोत्तोलन गरेका थिए ।

सो अवसरमा उनले राज्य सञ्चालन गर्न जनता आफैंले २०७२ असोज ३ गते संविधान जारी गरेको बताए । उनले संविधान गतिशील दस्तावेज भएकोले समयानुकूल र जनताको चाहना अनुसार संशोधन हुँदै आएको र आगामी दिनमा पनि हुने बताए । उनले एमाले–काङ्ग्रेस गठबन्धनको वर्तमान सरकार पनि संविधान संशोधनका लागि बनेको बताए ।

**प्रस, पंचगावाँ/**

सखुवाप्रसौनी गाउँपालिकाको आयोजनामा बिहीवार गापामा संविधान दिवस मनाइएको छ । कार्यक्रमको उद्घाटन झन्डा फहराएर, दीप प्रज्वलन गर्दै गापाध्यक्ष यशवन्त यादवले गरेका थिए । उनले नेपालको संविधान २०७२ देश र जनताप्रति पूर्ण समर्पित रहेको दाबी गरे । उनले संविधानमा छुटेका कुरालाई सरकारले क्रमशः सच्याउँदै जाने बताए । संविधान असंशोधित दस्तावेज होइन र यसलाई समय, काल र परिस्थिति अनुसार सच्याउँदै लैजानुपर्ने हुँदा नेपालको संविधान पनि सोही अनुसार सच्चिदै जाने र सबैका लागि मान्य हुने बनाइने बताए ।

कार्यक्रममा गापाध्यक्ष शर्मिला विष्ट महतो, इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा, इलाका प्रहरी कार्यालय, एकटाँगाका प्रहरी नायब निरीक्षक अरविन्द यादव, सशस्त्र प्रहरी सुरक्षा बेस बागेश्वरी तित्रौनाका सशस्त्र प्रहरी निरीक्षक चामनारायण महतोलगायतको सहभागिता थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विजय चौरसियाले स्वागत र शाखा अधिकृत अरविन्द ठाकुरले सहजीकरण गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक भ्रष्टाचारका कारणहरू

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

नेपालमा सहकारी विवाद अहिले चुलिएको मात्र छैन, भीषण बाढी आएजस्तो भएको छ। र यो बाढीले त्यस्ता नेताहरूलाई समेत बगाएको छ, जो देशलाई सुशासन दिन्छु भनेर राष्ट्रिय राजनीतिमा आएका थिए। चुनावमा विजयी भएका थिए।

जो पहिलेदेखि नै भ्रष्ट नेताको रूपमा दुर्गन्धित भएका छन्, आर्थिक भ्रष्टाचारमा कुख्याती कमाएका छन्, उनीहरूको लागि यो बाढीको कुनै अर्थ छैन। यस्तो बाढीले उनीहरूलाई बगाउँदैन पनि। अर्थात् उनीहरूको लागि बेइज्जति ठूलो कुरा होइन। उनीहरूको लागि ठूलो कुरा भनेको केवल पद र पैसा मात्र हो। उनीहरूलाई जनताले यी पद र पैसाजीवी हुन् भनेर चिनेको पनि छ। तर जो नेताहरूले आफ्नो व्यक्तित्व एक इमानदार नेताको रूपमा निर्माण गरेका थिए, उनीहरूलाई भने यो सहकारी विवादले निकै पछिसम्म पछ्याइरहने छ। उनीहरूको राजनीतिक भविष्य अनिश्चित हुनेछ, बर्बाद नै पनि हुन सक्नेछ।

यो आलेखमा कुनकुन नेता सहकारी विवादमा भ्रष्टाचारीको रूपमा देखिए तथा सूर्य थापाको अध्यक्षतामा गठित सहकारी ठगीसम्बन्धी संसदीय विशेष छानबीन समितिले आफ्नो प्रतिवेदनमा केके उल्लेख गऱ्यो ती विषयहरूमा चर्चा गरिने छैन। संसदीय विशेष छानबीन समितिले आफ्नो प्रतिवेदनमा केके उल्लेख गरेको छ त्यससँग सम्बन्धित अनेक समाचार, विचारहरू आवश्यकताभन्दा बढी प्रसारित र प्रकाशित भइसकेका छन्। र त्यो क्रम अहिले पनि जारी नै छ। उक्त प्रतिवेदन देखाएर एउटा नेताले अर्को नेतालाई दोषी भन्ने, महाभ्रष्टाचारी ठहर गर्ने क्रम पनि जारी छ। एउटा नेताले अर्को नेतामाथि हिलो फाल्ने क्रम रोकिएको छैन।

अहिले सहकारी विवादभन्दा पनि महत्त्वपूर्ण विषय 'हाम्रो देशमा ठूल्ठूला आर्थिक भ्रष्टाचार किन हुन्छ ? हुन पुगेको छ। नेपालमा सहकारीलगायत अन्य ठूला–ठूला आर्थिक भ्रष्टाचार किन र कसरी हुन्छ त्यसबारे चिन्तन र मनन गर्नुपर्ने भएको छ। अहिले, यो चर्चित सहकारी भ्रष्टाचारमा लाख होइन, करोड होइन, अर्बौं रुपियाँको भ्रष्टाचार भएको छ। हजारौं गरीब एवं साना बचतकर्ताहरूको निक्षेप डुबाउने काम भएको छ।

हाम्रो देशमा भ्रष्टाचार हुनुको मुख्य कारण हाम्रो समाज नै भ्रष्ट हुनु हो। हाम्रो समाज नै भ्रष्ट भएकोले हाम्रो समाजले उत्पादन गर्ने प्रशासक, कर्मचारी, नेता, कार्यकर्ता, वकिल, प्राध्यापक, चिन्तक, विचारक, समाजिक कार्यकर्ता आदि पनि भ्रष्ट हुन्छन्। कारखाना असल भए मात्र त्यसले असल वस्तु उत्पादन गर्छ, स्तरीय वस्तु उत्पादन गर्छ। कारखाना खराब भएमा त्यसले वस्तु खराब र स्तरहीन उत्पादन गर्छ। हाम्रो समाज भ्रष्ट भएको हुनाले नै हाम्रो समाजले उत्पादन गरेको बहुसङ्ख्यक प्रशासक, कर्मचारी, नेता, कार्यकर्ता, वकिल, प्रध्यापक, चिन्तक, विचारक, समाजिक कार्यकर्ता आदि पनि भ्रष्ट छन्। हामीलाई हाम्रो आवश्यकता वा बाध्यताले होइन, समाजले नै आर्थिक भ्रष्टाचार गर्न सिकाउँछ। अर्थात् हाम्रो समाज भ्रष्टाचारमा अति कुशल भएकोले कुनै पनि व्यक्तिले समाजबाट नै भ्रष्टाचार सजिलै सिक्न सक्छ। कुनै पनि व्यक्तिलाई भष्ट्राचार गर्न हाम्रो समाजले नै प्रेरित गर्छ। भ्रष्टाचार गर्ने तरीकाहरू सिकाउँछ। यो भनाइको अर्थ के हो भने सेवाग्राहीले नै सेवा प्रदायक (व्यक्ति वा संस्था) लाई घूस दिएर भ्रष्टाचार गर्न सिकाउँछ। भ्रष्टाचार गर्ने अनेक बाटाहरू देखाउँछ। उत्प्रेरित गर्छ।

हाम्रो समाजमा आर्थिक भ्रष्टाचारले सामाजिक मान्यता पाएको छ। दैनिक जीवनमा आर्थिक भ्रष्टाचार गर्नेहरूलाई अपराधीको रूपमा हेर्ने र सोही अनुरूप व्यवहार गर्ने चलन हाम्रो समाजमा छैन। उल्टो, जति ठूलो आर्थिक भ्रष्टाचारी छ सोही अनुसार उसलाई ठूलो मान, पदवी, सम्मान एवं पुरस्कार दिने चलन छ।

कुनै गरीब, जसले इमानदार भएर बाँच्ने क्रममा केवल एउटा फुसको झोपडी मात्र बनाउन सकेको छ भने हामी त्यस्तो गरीबको झोपडीमा जाँदा बेइज्जत गएको अनुभव गर्छौं तर कुनै धनी, जसले जनता र सरकारलाई ठगेर, भ्रष्टाचार गरेर, महल बनाउन सफल भएको छ, त्यसको महलमा जाँदा ठूलो इज्जत पाएको अनभूत गर्छौं। गर्व गर्छौं। यस्तो व्यवहार गरेर हामीले भ्रष्टाचारीहरूलाई ठूलो इज्जत दिएकोमा हामीलाई ग्लानि पनि हुँदैन। हामीले यस्तो गर्दा कसरी हुन्छ भ्रष्टाचार नियन्त्रण। केवल नियम, कानून, जेल, सजाय आदिको भय देखाएर मात्र आर्थिक भ्रष्टाचार नियन्त्रण हुँदैन, निर्मूल हुँदैन। आर्थिक भ्रष्टाचार हाम्रो संस्कृति बनिसकेको छ, जीवनशैली बनिसकेको छ। यसर्थ पनि हाम्रो देशमा ठूला–ठूला आर्थिक भ्रष्टाचार हुन्छन्। यदि आर्थिक भ्रष्टाचारले सामाजिक मान्यता नपाएको भए यति ठूलो सङ्ख्यामा भ्रष्टाचार हुने थिएन। निर्लज्ज भएर व्यक्तिहरूले आर्थिक भ्रष्टाचार गर्ने थिएनन्।

जसरी चोरी गर्नु, बलत्कार गर्नु, हत्या गर्नु गम्भीर अपराध हो, आर्थिक भ्रष्टाचार गर्नु पनि त्यस्तै गम्भीर अपराध हो। यस किसिमको बोध जनजनमा हुन सकेको छैन। भ्रष्टाचारले सामाजिक मान्यता पाएकोले उल्टो आर्थिक भ्रष्टाचार गर्नुलाई बहादुरीको रूपमा लिइएको छ। आर्थिक भ्रष्टाचार बहादुरीको पर्याय बन्न पुगेको छ। सफलताको जग बन्न पुगेको छ।

हाम्रो समाजले गरीब एवं इमानदार व्यक्तिलाई इज्जत नदिने, धनीहरूलाई मात्र इज्जत दिने चलन पनि हाम्रो देशमा भ्रष्टाचार वृद्धिको महत्त्वपूर्ण कारण बन्न पुगेको छ। धनीहरूले तुलनात्मकरूपमा मान, सम्मान, इज्जत अति पाउने तर गरीबहरूले समाजबाट हेला, तिरस्कार, अपमान पाउने हुनाले गरीबीबाट छुटकारा पाउन भ्रष्टाचार गरेर नै भए पनि धनी हुनुपर्ने वा धनी हुन भगीरथ प्रयत्न गर्नुपर्ने बाध्यात्मक स्थिति हाम्रो समाजले नै सृजना गरिदिएको छ। अर्थात् आर्थिक भ्रष्टाचार गरेर नै भए पनि, गरीबीबाट मुक्ति पाउनुपर्ने स्थिति हाम्रो समाजले सृजना गरिदिएको छ। यस अर्थमा हाम्रो देशमा आर्थिक भ्रष्टाचारको सम्बन्ध सामाजिक मनोविज्ञानसँग पनि छ।

हाम्रो समाजमा आर्थिक भ्रष्टाचार हाम्रो जीवन पद्धतिको एउटा अङ्ग बन्न पुग्नुको अर्को महत्त्वपूर्ण कारण हाम्रो सामाजिक शिक्षा पनि हो। हामी आफ्ना सन्तानलाई घरमा दिने शिक्षा र आर्थिक भ्रष्टाचारबीच गहिरो सम्बन्ध छ। हामीले हाम्रा सन्तानलाई असल होइन, ठूलो हुने शिक्षा दिन्छौं। बालबालिकाहरूलाई 'ठूलो भएर खुब पढ्नु, खुब कमाउनु, ठूलो मान्छे हुनु' भन्छौं। तर 'ठूलो भएर असल हुनु, समाजको भलो गर्नु' भन्दैनौं। हामी सन्तानलाई बाल्यकालदेखि नै असल होइन, ठूलो बन्न, इमानदार होइन, जसरी पनि धन कमाउन सिकाउँछौं, प्रेरित गर्छौं। ठूलो हुनु, धन कमाउनु, ठूलो पदमा पुग्नु हाम्रो जीवनको आदर्श हुन पुगेको छ।

माथि उल्लेख गरिएका कुराहरू गफ जस्तो लागे तापनि, आदर्शका कुराहरू गरिएको अनुभूत भए तापनि यथार्थमा आर्थिक भ्रष्टाचार हुनुका महत्त्वपूर्ण कारणहरू हुन्। माटो जस्तो हुन्छ, बाली पनि त्यस्तै लाग्ने हो। टिभी, पत्रपत्रिका आदिमा भ्रष्टाचारसम्बन्धी समाचारहरू प्रसारण र प्रकाशन गरेर मात्र हुँदैन। यी कार्यहरूले मात्र आर्थिक भ्रष्टाचार रोकिंदैन। भ्रष्टाचार रोक्नका लागि सामाजिक मनोविज्ञानमा परिवर्तन ल्याउन आवश्यक छ। सामाजिक शिक्षामा परिवर्तन ल्याउन आवश्यक छ। व्यक्तिगत व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ। हामी इमानदार हुन र हामीले आफ्ना सन्तानहरूलाई इमानदारी सिकाउन आवश्यक छ।

राष्ट्रिय आर्थिक विकास एवं आर्थिक भ्रष्टाचारबीच गहिरो सम्बन्ध छ। जुन देशमा जति बढी आर्थिक भ्रष्टाचार हुन्छ त्यो देश आर्थिक विकासको पथमा त्यति नै सुस्त हुन्छ। अफ्रिका, दक्षिण अमेरिकाका देशहरूमा आर्थिक भ्रष्टाचार अति नै हुने भएकोले ती महादेशका धेरै राष्ट्रहरू अति गरीब छन्। युरोपमा धेरै राष्ट्रहरूमा आर्थिक भ्रष्टाचार अति कम हुने गरेकोले ती महादेशका धेरै राष्ट्रहरू गरीब छैनन्। केही राष्ट्र अति धनी समेत छन्।

आर्थिक भ्रष्टाचार राष्ट्रिय आर्थिक विकासको शत्रु नै हो। देशको आर्थिक विकास गर्न आर्थिक भ्रष्टाचार नियन्त्रण गर्नुको विकल्प छैन। आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी सरकारको मात्र होइन। यो जिम्मेवारी प्रत्येक नागरिक हो।

अर्थशास्त्रका ठूला–ठूला सिद्धान्त भनेर देशको आर्थिक विकास हुँदैन। ठूला–ठूला आर्थिक विकासका 'मोडेल' माथि चर्चा गरेर देशको आर्थिक विकास हुँदैन। देशको आर्थिक विकास गर्नका लागि हामीले सान्साना तर महत्त्वपूर्ण विषयमाथि चर्चा गर्नु आवश्यक छ। सर्वप्रथम प्रत्येक व्यक्तिले आफ्नै आचरण माथि विचार गर्न आवश्यक छ।

**आर्थिक भ्रष्टाचार राष्ट्रिय आर्थिक विकासको शत्रु नै हो। देशको आर्थिक विकास गर्न आर्थिक भ्रष्टाचार नियन्त्रण गर्नुको विकल्प छैन। आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी सरकारको मात्र होइन। यो जिम्मेवारी प्रत्येक नागरिक हो।**



**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा राखिएका खाद्य वस्तुः** काठमाडौंको थापाथलीस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको बिक्री कक्षमा राखिएका खाद्य सामग्री। नेपालीहरूको महान् पर्व विजयादशमी, नेपाल संवत्, शुभ दीपावली तथा छठ पर्वका अवसरमा बिहीवारदेखि सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ। तस्बिरः हरिराम भेटुवाल/रासस

## नेपालको आर्थिक मन्दी र संविधान

नेपालको आर्थिक मन्दी र संविधानबीचको सम्बन्ध राजनीतिक, कानूनी र सामाजिक आयामहरूमा आधारित छन्। यी सम्बन्धलाई बुझ्न, नेपालमा संविधानले आर्थिक संरचना र नीतिहरू कसरी निर्देशित गर्छ भन्ने कुरा महत्त्वपूर्ण छ। साथै देशको राजनीतिक अस्थिरता, नीति निर्माणको कमी र दिगो आर्थिक विकासका लागि प्रभावकारी संस्थाहरूको अभावले आर्थिक मन्दीको जोखिम बढाउने गर्छ।

**संविधानको भूमिका**

नेपालको संविधान २०७२ ले देशको राजनीतिक, सामाजिक र आर्थिक संरचनालाई परिभाषित गर्छ। यसमा राजनीतिक स्थिरता, सङ्घीय संरचना, अधिकार वितरण र न्यायिक प्रणालीलाई व्यवस्थित गरिएका छन्। आर्थिक समृद्धिको दृष्टिले संविधानले निम्न विषयहरूमा महत्त्वपूर्ण निर्देशिका दिएको छ।

**संघीय संरचना र आर्थिक नीति**

संविधान २०७२ ले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विभाजन गरेको छ, जसले अधिकार र स्रोतको वितरणमा ठूलो परिवर्तन ल्याएको छ। सङ्घीय संरचनाले आर्थिक स्रोतहरूको वितरण, खर्चको प्राथमिकता, र कर सङ्कलनमा परिवर्तन ल्याउँछ। यसले प्रदेश र स्थानीय तहलाई धेरै अधिकार दिएको छ, जसले आर्थिक नीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ। तर सङ्घीयता कार्यान्वयनको जटिलता र असमान स्रोत वितरणले देशको आर्थिक मन्दीमा योगदान पुऱ्याएको छ।

**मौलिक हक र आर्थिक अधिकार**

संविधानले नेपाली नागरिकका लागि मौलिक हक र आर्थिक अधिकारको सुनिश्चितता गरेको छ। शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाका हकहरूको सुनिश्चितताले नागरिकको आर्थिक अवस्था सुधार गर्न मदत गर्ने वाचा गरेको छ। तर यी अधिकारहरूको कार्यान्वयनमा हुने ढिलाइ र असमानताले आर्थिक मन्दीलाई बढावा दिएको छ।

**नीति निर्माणको अस्पष्टता**

संविधानमा प्रावधान गरिएका आर्थिक विषयहरू स्पष्ट भएपनि, वास्तविक नीतिहरूको कार्यान्वयनमा सरकारको असफलता देखिएको छ। आर्थिक समृद्धिको लागि ठोस योजना र रणनीति अभावमा राजनीतिक अस्थिरता र नीति निर्माणको ढिलाइले गर्दा आर्थिक मन्दीको अवस्था पैदा भएको छ।

**राजनीतिक अस्थिरता र आर्थिक मन्दी**

संविधानले राजनीतिक स्थिरता कायम गर्न प्रयास गरेको भएपनि, देशको राजनीतिक अस्थिरताले आर्थिक मन्दीलाई झनै जटिल बनाएको छ। राजनीतिक अस्थिरता र बारम्बार हुने सरकार परिवर्तनले दीर्घकालीन आर्थिक योजना कार्यान्वयन गर्न कठिनाइ उत्पन्न गरेको छ। सरकारहरूले अल्पकालीन लाभको लागि काम गर्न खोज्ने भएकाले दीर्घकालीन आर्थिक रणनीति सफल हुन नसकेको हो। यसले गर्दा आर्थिक असन्तुलन बढ्दै गएको छ।

**भ्रष्टाचार र प्रशासनिक कमजोरी**

देशमा मौलिक प्रशासनिक संरचनाहरू र नीति निर्माणको स्पष्ट दिशानिर्देशको कमीले भ्रष्टाचारलाई प्रोत्साहन दिएको छ। भ्रष्टाचारले उत्पादनशील क्षेत्रको विकासमा अवरोध पुऱ्याउँछ, जसले आर्थिक विकासलाई सीमित बनाउँछ। सङ्घीय संरचना लागू भएपछि भ्रष्टाचार र प्रशासनिक समस्याहरू स्थानीय र प्रदेश तहमा पनि देखिएका छन्, जसले आर्थिक सङ्कटलाई गहिरो बनाएको छ।

**आर्थिक अवसर र स्रोत व्यवस्थापनको कमी**

संविधानले देशका विभिन्न क्षेत्रहरूबीच स्रोतको समान वितरणको वाचा गरेको भएपनि, वास्तविकतामा स्रोतहरूको असमान वितरण र आर्थिक अवसरको कमीका कारण बेरोजगारी, गरीबी र आर्थिक असमानता बढ्दै गइरहेको छ। यसले आर्थिक मन्दीलाई थप चर्काएको छ। विशेषगरी ग्रामीण क्षेत्रहरूमा स्रोतको कमी र रोजगारको अभावले आर्थिक प्रवाहमा अवरोध पुऱ्याएको छ।

**वित्तीय क्षेत्र र सरकारी भूमिका**

नेपालको वित्तीय क्षेत्रको कमजोरी पनि आर्थिक मन्दीको मुख्य कारणमध्ये एक हो। सरकारी खर्चमा पारदर्शिता र प्रभावकारिता नहुनु, ऋण भारको वृद्धि, र राजस्व सङ्कलनमा कमीको कारणले देशमा वित्तीय अस्थिरता बढेको छ। संविधानले आर्थिक समृद्धिका लागि निश्चित दिशानिर्देश दिएको भएपनि, वित्तीय क्षेत्रमा देखिएको अस्थिरताले आर्थिक सङ्कटलाई गहिरो बनाएको छ।

**सङ्घीय संरचना र वित्तीय अस्थिरता**

सङ्घीयताले प्रदेश र स्थानीय तहलाई स्रोतको व्यवस्थापनमा अधिक अधिकार दिएको छ। तर सङ्घीय संरचना प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्दा वित्तीय असन्तुलन सिर्जना भएको छ। केही प्रदेशले स्रोतहरूको अधिकतम उपयोग गर्न सकेका छैनन्, जसले समग्र आर्थिक प्रवाहमा असर पुऱ्याएको छ। सङ्घीयताको वित्तीय पक्ष कमजोर हुँदा, यो आर्थिक मन्दीको कारक बनेको छ।

**बाह्य सहायता र ऋण**

नेपालको आर्थिक मन्दीमा बाह्य ऋण र सहायताले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। संविधानले देशलाई आत्मनिर्भर बनाउने मार्गदर्शन गरेको भएपनि, वास्तविकता भने विपरीत रहेको छ। सरकारको नीतिगत अस्पष्टता, राजनीतिक अस्थिरता र वित्तीय अनुशासनको अभावले गर्दा बाह्य सहायता र ऋणमा निर्भरता बढेको छ। यो अवस्थाले दीर्घकालीनमा अर्थतन्त्रलाई अस्थिर बनाउने जोखिम बोक्छ।

**श्रमशक्ति र रोजगार**

संविधानले सबै नागरिकलाई रोजगारको हक दिएको छ, तर बेरोजगारी दर उच्च रहेको छ। युवा जनसङ्ख्या रोजगारको खोजीमा विदेश पलायन हुनु, उत्पादनशील क्षेत्रहरूको विकासमा कमी र पर्याप्त रोजगारको अभावले गर्दा श्रमशक्ति असमानरूपमा बाँडिएको छ। यसले देशभित्रको आर्थिक गतिविधिलाई कमजोर बनाएको छ र आर्थिक मन्दीलाई थप गहिरो बनाएको छ।

**वैदेशिक रोजगार र विप्रेषण**

वैदेशिक रोजगारले नेपालको अर्थतन्त्रमा ठूलो भूमिका खेलेको छ। संविधानले देशभित्र रोजगारको सुनिश्चितता गरे तापनि वैदेशिक रोजगारमा निर्भरता बढेको छ। वैदेशिक विप्रेषणको भरमा अर्थतन्त्र लामो समयसम्म स्थिर रहन सक्दैन। यो अवस्था देशको

**संविधानले राजनीतिक स्थिरता कायम गर्न प्रयास गरेको भएपनि, देशको राजनीतिक अस्थिरताले आर्थिक मन्दीलाई झनै जटिल बनाएको छ। राजनीतिक अस्थिरता र बारम्बार हुने सरकार परिवर्तनले दीर्घकालीन आर्थिक योजना कार्यान्वयन गर्न कठिनाइ उत्पन्न गरेको छ।**

(बाँकी चौथो पातामा)

# चुलिंदो व्यापार घाटा : जोखिममा अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**नेपाली अर्थतन्त्र, विकास र समृद्धिका आधार भनेको नै जल, जमीन, जङ्गल, जडीबुटी र पर्यटन नै हुन्। यी क्षेत्रको विकास र विस्तारका लागि सरकारले प्राथमिकता निर्धारण गरी उच्च लगानी विस्तार गर्नुपर्छ। यसका साथै यस क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ।**

व्यापारलाई मुलुकको आर्थिक विकासको मेरुदण्डको रूपमा लिने गरिन्छ। रोजगार सिर्जना गरी जनताको जीवनस्तर उकास्नु तथा गरीबी न्यूनीकरणमा व्यापार क्षेत्रको अहम् भूमिका हुन्छ । कुनै पनि मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन त्यहाँको व्यापारको महत्त्वपूर्ण भूमिका हुने गर्छ। निर्यातभन्दा आयातको आर्थिक भार वृद्धि भई असन्तुलित हुनु नै व्यापार घाटा हो। नेपालमा व्यापार घाटा बर्सेनि बढ्दो छ। न्यूनीकरणका लागि प्रयास नभएको होइन तर खाद्य पदार्थको आयातमा आएको वृद्धि, विश्वव्यापीकरणको प्रभावसँगै बढ्दो उपभोक्ता संस्कृति, निर्यातयोग्य वस्तुको उत्पादन र बजारीकरण प्रभावकारी नहुनुजस्ता कारणले मुलुकको व्यापारघाटा बर्सेनि बढ्दो क्रममा छ।

व्यापारघाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै जान्छ। जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढी नै रहन्छ। रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड नभए पनि भरपर्दो टेको त बनेको छ। यही रेमिट्यान्सले गर्दा उपभोग संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ। फलस्वरूप बर्सेनि उपभोग्य वस्तुदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको छ। तर, आन्तरिक उत्पादन वृद्धि हुन नसकेको र राष्ट्रिय व्यापार एकीकृत रणनीतिले नै निकासीयोग्य वस्तुको सूचीमा राखेका वस्तुकै पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात र निर्यातबीचको अन्तर निकै बढेको छ। परिणामतः व्यापारघाटा चुलिएर अर्थतन्त्र नै जोखिममा परेको अवस्था छ। हुनत नेपालमा व्यापारको आकार सानो छ। कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा यसको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ। व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा झन्डै ३९ प्रतिशत पुगेको छ। विगत पाँच वर्षको अवधिमा वस्तु निर्यातको औसत वृद्धिदर करीब तीन प्रतिशत छ भने पाँच वर्षकै अवधिमा वस्तु आयातको औसत वृद्धिदर करीब १४ प्रतिशत रहेको देखिन्छ। देशको कुल निर्यातको मूल्यभन्दा आयातको मूल्य धेरै भए व्यापार घाटा हुन्छ। त्यसैले व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउनका लागि तत्काल सम्भाव्य क्षेत्र र वस्तुको पहिचान गरी आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात प्रवर्द्धन गर्ने अथवा आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो।

नेपालले क्षेत्रीय सङ्गठनहरूबाट व्यापारको लाभ लिन नसकेको देखिएको छ। अहिलेसम्म बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बिमस्टेक र सार्कगरी मुख्य दुई क्षेत्रीय सङ्गठनमा नेपाल जोडिएको छ। तर दुवै सङ्गठनका सदस्यसँग नेपालको व्यापार घाटा उच्च छ। आर्थिक वर्ष ०८०–८१ मा नेपालले बिमस्टेकका सदस्य राष्ट्रहरूसँग नौ खर्ब आठ अर्ब ९४ करोड रुपियाँ बराबरको व्यापार घाटा बेहोरेको छ। उक्त आवमा नेपालले बिमस्टेक सदस्य राष्ट्रहरूसँग कुल ११ खर्ब १७ अर्ब ६० करोड रुपियाँ बराबरको व्यापार गरेको थियो। नेपालले १० खर्ब १३ अर्ब २७ करोड रुपियाँ बराबरको आयात गर्दा एक खर्ब चार अर्ब ३३ करोड रुपियाँ बराबरको मात्रै निर्यात गर्न सकेको तथ्याङ्क छ। सार्क सदस्य राष्ट्रहरूसँगको व्यापारमा समेत नेपालको व्यापार घाटा छ। आव ०८०–८१ मा नेपालले सार्क सदस्य राष्ट्रहरूसँग आठ खर्ब ९८ अर्ब ४९ करोड रुपियाँ ाबराबरको व्यापार घाटा बेहोरेको छ। उक्त आवमा नेपालले सार्क सदस्य राष्ट्रहरूसँग कुल ११ खर्ब आठ अर्ब ६ करोड रुपियाँ बराबरको व्यापार गरेको थियो भने नेपालले १० खर्ब तीन अर्ब २८ करोड रुपियाँ बराबरको आयात गर्दा एक खर्ब चार अर्ब ७८ करोड रुपियाँ बराबरको मात्रै निर्यात गर्न सकेको देखिन्छ। बिमस्टेक सदस्य राष्ट्रहरूमा नेपालसँगै श्रीलङ्का, भूटान, थाइल्यान्ड, म्यान्मा, भारत र बङ्गलादेश रहेका छन्। सार्कमा भने नेपालसँगै भारत, भूटान, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, माल्दिभ्स र अफगानिस्तान रहेका छन्।

नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारतसँगै भूटान, श्रीलङ्का र बङ्गलादेश सार्क र बिमस्टेक दुवै सङ्गठनमा आबद्ध छन्। यी चारै देशसँग नेपालको व्यापार घाटामा रहेको छ। बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्रको खाका बने पनि कार्यान्वयनमा आइ नसकेको हुँदा यसले नेपालको व्यापारमा ठूलो प्रभाव पारेको छैन। तर सार्कमा भने स्वतन्त्र व्यापार सम्झौता भएकोले त्यसको प्रभाव आयात–निर्यातमा पर्छ। साफ्टा अन्तर्गत दक्षिण एशियामा स्वतन्त्र व्यापार (फ्री ट्रेड) गर्न सकिन्छ। तर नेपालको उत्पादन तथा प्रतिस्पर्धी क्षमता नहुँदा त्यसबाट लाभ पाउनेभन्दा गुमाउने कार्य भइरहेको छ। खुला व्यापारको अवधारणा अनुसार लागत कम गरेर प्रतिस्पर्धा गर्ने हो। जसले प्रतिस्पर्धा गर्छ, उसैले बजार पाउने हो, नसक्नेले गुमाउने हो। त्यसैले नेपालले उत्पादन र निर्यातको क्षमता विकासमा विशेष जोड दिनु आवश्यक छ। अनि मात्रै यस्ता क्षेत्रीय सङ्गठनबाट लाभ लिन सकिन्छ, अन्यथा गुमाउने मात्रै हो। साफ्टा कार्यान्वयनमा आउँदा अहिले धेरै वस्तुको भन्सार दर नेपालले पनि घटाएको छ। साफ्टा सुविधा लिएर धेरै वस्तुहरू सस्तोमा आयात हुँदा स्वदेशी उद्योगहरू समस्यामा पर्न थालेका देखिन्छन्।

विश्व व्यापार सङ्गठनमा भने स्वदेशी वस्तु संरक्षण गर्नुपर्ने भएमा औद्योगिक उत्पादनको औसत २४ र कृषिजन्य उत्पादनको औसत ४२ प्रतिशत सीमासम्म भन्सार दर बढाउन सकिन्छ। २०५४ साल जेठ २४ गते बिमस्टेक स्थापना भएको थियो। नेपालले २०६० माघ महीनामा बिमस्टेकको सदस्यता लिएको हो। बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी फ्रेमवर्क सम्झौतामा सन् २००४ मा हस्ताक्षर भएको थियो। तर, पूरक सम्झौता भने अझै हुन सकेको छैन। दक्षिण एशियाली सहयोग सङ्गठन (सार्क)को स्थापना ८ डिसेम्बर १९८५ मा भएको थियो। दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) सन् २००४ मा हस्ताक्षर भई १ जनवरी २००६ देखि लागू भएको थियो। सम्झौता अनुसार नेपालले आयातित वस्तुको भन्सार दर उल्लेखनीय घटाएको तथा संवेदनशील वस्तुको सूचीसमेत दुई चरणमा घटाएको देखिन्छ।

व्यापार घाटा हटाउने दीर्घकालीन उपायका लागि मुलुकलाई लगानीयोग्य बनाउनुपर्छ। वैदेशिक लगानी भित्र्याउने र स्वदेशी लगानी बढाउने प्रोत्साहनका कार्यक्रम चाहिन्छ। लगानीकर्ता सूचाङ्कको अवस्था हेरेर नै आउँछन्। देशमा राजनीतिक दल खोल्ने र चन्दा बटुल्ने उद्योग मात्र फस्टाउन थालेपछि व्यापार उँधो लाग्छ, उँभो लाग्दैन। त्यसैले दीर्घकालीन उत्पादन र गुणस्तर अभिवृद्धि गर्नेतर्फ सरोकारवाला सबै पक्ष जिम्मेवार हुनुपर्दछ। नेपाली अर्थतन्त्र, विकास र समृद्धिका आधार भनेको नै जल, जमीन, जङ्गल, जडीबुटी र पर्यटन नै हुन्। यी क्षेत्रको विकास र विस्तारका लागि सरकारले प्राथमिकता निर्धारण गरी उच्च लगानी विस्तार गर्नुपर्छ। यसका साथै यस क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ।

नेपालको प्रमुख उत्पादन कृषिजन्य वस्तु हो। निकासी हुने वस्तुमा अप्रशोधित वा अर्धप्रशोधित जडीबुटी प्रमुख सम्भावना भएका वस्तु हुन् भने अदुवा पनि ठूलो परिमाणमा भारततर्फ निकासी हुने वस्तु हो। तर यी वस्तुको निकासीमा भारतमा भन्सार र गैरभन्सार अवरोध प्रशस्त देखिएको छ। यसरी उच्च आयात र त्यसको प्रभावसँगै जन्मेको कहालीलाग्दो व्यापार घाटा नियन्त्रण गर्ने एक मात्र प्रभावकारी विधि भनेको नै आन्तरिक उत्पादन वृद्धि हो। सबै वस्तुमा आत्मनिर्भरता सम्भव नभएपनि कम्तीमा कृषिजन्य वस्तु, पर्यटन र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूको क्षमता बढाई आन्तरिक उत्पादनको आधार बढाउनको अर्को विकल्प छैन।

**सार्क र बिमस्टेकका मुलुकसँग व्यापारिक अवस्था (रु. हजारमा)**
**(बिमस्टेकका सबै मुलुकसँग व्यापार घाटा, सार्कका दुई मुलुकसँग मात्रै नाफा)**

| मुलुक | आयात | निर्यात | व्यापार सन्तुलन | कुल व्यापार |
|---|---|---|---|---|
| भारत | ९९६६८२१६१ | १०३१७६९८३ | –८९३५०५१७९ | १०९९८५९१४४ |
| बङ्गलादेश | ४२२५६०२ | ५५४६६८ | –३६७०९३४ | ४७८०२७० |
| पाकिस्तान | ५६२१९० | ३८६६४ | –५२३५२७ | ६००८५४ |
| भूटान | १४८२१६८ | ४७१७९३ | –१०१०३७५ | १९५३९६१ |
| श्रीलङ्का | ३००१३९ | २६९८० | –२७३१५९ | ३२७११९ |
| माल्दिभ्स | ७८२ | २४१५९ | २३३७६ | २४९४१ |
| अफगानिस्तान | २७६६० | ४९३६६२ | ४६६००२ | ५२१३२२ |
| म्यान्मा | १९२६३६५ | ८८७३ | –१९१७४९३ | १९३५२३८ |
| थाइल्यान्ड | ८६५७७२१ | ९४७५० | –८५६२९७१ | ८७५२४७१ |

**नेपालको ...**

आर्थिक मन्दीको गहिरो कारक हो।

**अन्तर्राष्ट्रिय व्यापार र वित्तीय प्रवाह**

नेपालको संविधानले अन्तर्राष्ट्रिय व्यापारमा सुधारको आवश्यकता औंल्याए पनि अन्तर्राष्ट्रिय व्यापार सन्तुलनमा देखिएको असन्तुलन र वित्तीय प्रवाहको अभावले गर्दा आर्थिक मन्दीलाई गहिरो बनाएको छ। विशेषगरी नेपालको आयात–निर्यात सन्तुलनमा रहेको ठूलो खाडलले विदेशी मुद्रा सञ्चिति घटाएको छ, जसले अर्थतन्त्रलाई अस्थिर बनाएको छ।

**व्यापार घाटा**

नेपालको निर्यात क्षमताको कमी र अत्यधिक आयातको आवश्यकताले गर्दा व्यापार घाटा बढिरहेको छ। संविधानले औद्योगिकीकरण र आर्थिक वृद्धि सुनिश्चित गर्ने नीति तय गरे पनि यो व्यावहारिकरूपमा सफल भएको छैन। देशको आर्थिक उत्पादनमा वृद्धि नहुँदा व्यापार घाटा आर्थिक मन्दीको मुख्य कारण बनेको छ।

**निष्कर्ष**

संविधान र आर्थिक मन्दीबीचको सम्बन्धलाई नियाल्दा, संविधानले दिएको मार्गदर्शन र वास्तविकताबीचको अन्तर महत्त्वपूर्ण देखिन्छ। संविधानले समृद्धिका लागि महत्त्वपूर्ण निर्देशिका दिए पनि सङ्घीयता, नीति निर्माणको अस्पष्टता, राजनीतिक अस्थिरता र वित्तीय कमजोरीहरूले नेपालको अर्थतन्त्रलाई मन्दीमा धकेलेको छ। आर्थिक अवसरको कमी, भ्रष्टाचार र वैदेशिक सहायता तथा विप्रेषणमा बढ्दो निर्भरता जस्ता चुनौतीहरूलाई सम्बोधन गर्न नसक्नु संविधान कार्यान्वयनको मुख्य समस्या हो। दिगो आर्थिक विकासका लागि संविधानमा भएका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन, दीर्घकालीन नीति निर्माण र राजनीतिक स्थिरता आवश्यक छ, यसले मात्र आर्थिक मन्दीको चक्रबाट देशलाई बाहिर ल्याउन सक्छ।



**स्ट्रबेरीखेतीः** तनहुँको ऋषिङ गाउँपालिका–७ पुरानोथोकमा गरिएको स्ट्रबेरीखेती। ऋषिङ गाउँपालिकाले परीक्षणका लागि पहिलोपटक स्ट्रबेरीखेती गरेको हो। तस्बिरः कृष्ण न्यौपाने/रासस

# एशियाली १६ देशका निक्षेप तथा कर्जा सुरक्षण संस्थाको सम्मेलन नेपालमा

काठमाडौं, ३ असोज/रासस

एशियाका विभिन्न १६ देशका निक्षेप तथा कर्जा सुरक्षण गर्ने निकायको भेला नेपालमा हुने भएको छ।

शुक्रवारदेखि राजधानीमा शुरू हुने एशियाली देशका सुरक्षण संस्थाको सम्मेलन (एसिक कन्फ्रेन्स)मा ती देशका सरकारी निकाय सहभागी हुनेछन्। ३६औं एसिक सम्मेलन नेपालले ३० वर्षपछि गर्न लागेको हो।

शुक्रवार निक्षेप तथा कर्जा सुरक्षण कोषको ५१औं वार्षिकोत्सव एवं एसिक सम्मेलनको एकैपटक उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्ने कार्यक्रम छ। सम्मेलन आगामी सोमवारसम्म सञ्चालन हुनेछ।

सम्मेलन अवधिभर विभिन्न देशका निक्षेप तथा कर्जा सुरक्षण सुरक्षण निकायको आआफ्नो देशको अनुभवसहित यस क्षेत्रका सामयिक विषयमा सरोकारवालाबीच गहन छलफल हुने कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले जानकारी दिए। यसपटक सम्मेलनमा नवप्रवर्तनका विषयलाई प्राथमिकतामा राखिएको उनले बताए। "आफ्नो नयाँ सोचलाई धितोमा राखेर कर्जा लिन सकिन्छ भन्ने सन्देश दिने कोषको प्रयास छ," उनले भने।

सम्मेलनमा नेपालसहित भारत, मलेशिया, इन्डोनेशिया, दक्षिण कोरिया, जापानसहित १६ वटा मुलुकका सुरक्षण संस्थाको सहभागिता रहनेछ। सम्मेलनको छलफल सत्रलाई नेपालमा बहस गर्ने परम्परागत शैलीमा प्रदर्शन गर्ने कोषको तयारी छ।

# करीब नौ करोड बराबरको मालवस्तु बङ्गलादेश निर्यात

भद्रपुर (झापा), ३ असोज/रासस

चालू आर्थिक वर्षको पहिलो दुई महीनामा पूर्वी नाका काँकरभिट्टाबाट रु आठ करोड ९९ लाख २० हजार ८०१ बराबरको मालवस्तु बङ्गलादेश निर्यात भएको छ।



नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेड शाखा कार्यालय काँकरभिट्टाका प्रमुख सुवास पाण्डेयका अनुसार सोही अवधिमा ६६ करोड ८४ लाख ३३ हजार १४२ बराबरको सामान बङ्गलादेशबाट आयात भएको छ।

कार्यालयको तथ्याङ्क अनुसार नेपालबाट मुख्यरूपमा खुदो बङ्गलादेश निर्यात भइरहेको छ। दुई महीनामा रु सात करोड ६७ लाख ८१ हजार ५२२ मूल्य बराबरको खुदो निर्यात भएको छ।

गोदाम व्यवस्था कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार सो अवधिमा जुट, पेपर, औषधि, ब्याट्री, फेब्रिक एन्ड रेडिमेड ग्रामेन्ट, प्लास्टिक फर्निचरलगायत मालवस्तु बङ्गलादेशबाट आयात भएका छन्। सो अवधिमा सबैभन्दा बढी रु ४१ करोड ५७ लाख ८७ हजार ६५२ मूल्य बराबरको जुट आयात भएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# कोभिडको तुलनामा एमपक्स महामारीको सामना गर्न विश्व सक्षम : गाभी खोप सञ्जाल

जेनेभा, ३ असोज/एएफपी

कोभिड महामारीबाट सिकेका पाठहरूले अफ्रिकामा हाल फैलिरहेको एमपाक्स महामारीको सामना गर्न विश्वलाई तयार पारेको 'गाभी' खोप सञ्जालले जनाएको छ।

"कोभिड सङ्क्रमणले महत्त्वपूर्ण शिक्षा दियो र ती शिक्षाहरू अहिले काम लागिरहेका छन्"–गाभीकी प्रमुख सानिया निश्तारले भनिन्।

"कोभिड महामारी फैलिएको समयका ती सिकाइहरू विशेष उपकरणमा परिणत भए, जुन अहिले प्रयोगमा आउँदैछन्"–पाकिस्तानका पूर्वस्वास्थ्यमन्त्रीले यस हप्ता बताए।

सन् २०२० को शुरूमा फैलिएको कोभिडले, विश्वव्यापी स्वास्थ्य सङ्कटको सामना गर्न, अन्तर्राष्ट्रिय समुदाय पूर्णरूपमा तयार नभएको कुरा देखायो। यसले विश्वव्यापी खोप असमानतामा पनि प्रकाश पारेको थियो।

देशहरू अझै पनि स्वास्थ्य सङ्कटकालको लागि तयारी सुनिश्चित गर्ने नयाँ महामारी सन्धिमा सहमत हुन सङ्घर्ष गरिरहेका छन्। तर गरीब देशमा खोपको पहुँच बढाउन काम गर्ने गाभी आपत्कालीन अवस्थालाई सम्बोधन गर्न विश्वव्यापी सम्झौताको पर्खाइमा नरहेको निश्तारले बताइन्।

गाभीले गत जूनमा स्वास्थ्य आपत्कालीन समयमा खोपका लागि आवश्यक रकम द्रुतरूपमा उपलब्ध गराउन ५०० मिलियन डलरको 'प्रारम्भिक प्रतिक्रिया कोष' स्थापना गरेको थियो।

गाभीले डेनमार्कको औषधि उत्पादन कम्पनी बवेरियन नर्डिकसँग महामारीबाट प्रभावित अफ्रिकी देशका लागि यसको एमभिए–बीएन एमपाक्स खोप पाँच लाख डोज खरीद गर्न सम्झौता गरेसँगै बुधवार कोषको रकम पहिलोपटक प्रयोग भएको घोषणा गरेको छ।

"हामीले खोप खरीद गर्न प्रारम्भिक प्रतिक्रिया कोषबाट पाँच करोड डलर खर्च गरेका छौं"–निश्तारले भनिन्।

पहिले मङ्कीपाक्स भनेर परिचित एमपाक्स जनावरहरूद्वारा मानिसमा सर्ने भाइरसका कारण हुन्छ तर नजीकको शारीरिक सम्पर्कबाट पनि मानिसबाट मानिसमा सर्न सक्छ। यसले ज्वरो, मांसपेशी दुख्ने र छालामा ठूला फोका जस्ता घाउ निम्त्याउँछ, र केही अवस्थामा घातक हुन सक्छ।

विश्व स्वास्थ्य सङ्गठनले गत महीना कङ्गोमा नयाँ क्लेड १ बी भेरियन्टको सङ्क्रमण तीव्र भएपछि एमपाक्सलाई अन्तर्राष्ट्रिय स्वास्थ्य आपत्काल घोषणा गरेको थियो।

जनवरीदेखि अगस्तको बीचमा कङ्गोमा लगभग २२ हजार एमपाक्स सङ्क्रमित फेला परेका थिए भने ७०० भन्दा बढीको मृत्यु भएको थियो।

'अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन'ले महाद्वीपलाई एमपाक्स खोपको एक करोड मात्रा प्राप्त गर्न आह्वान गरेको छ। हालसम्म अफ्रिकामा ३.६ मिलियन खोप प्राप्त भएको छ।

गाभीले गत जूनमा हैजा, इबोला, मेनिन्जाइटिस र पहेंलो ज्वरोविरुद्ध खोप भण्डारण गरेजस्तै सन् २०२६ देखि एमपाक्स खोपको विश्वव्यापी भण्डार निर्माण गर्ने निर्णय गरेको थियो।

विश्व स्वास्थ्य सङ्गठनले अफ्रिकाका लागि तीव्ररूपमा खोप उत्पादन पनि शुरू गरेको छ।

"समग्रमा हामी कोभिडको तुलनाभन्दा धेरै राम्रो अवस्थामा छौं"–निश्तारले भनिन्। रासस

# मेटा र स्पोटिफाईद्वारा युरोपेली सङ्घको एआईसम्बन्धी अस्पष्ट निर्णयको आलोचना

पेरिस, ३ असोज/एएफपी/रासस

मेटा र स्पोटिफाईलगायत कम्पनीका समूहले डाटा गोपनीयता र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को सन्दर्भमा खण्डित र असङ्गत निर्णय गरेको दाबी गर्दै बिहीवार युरोपेली सङ्घको आलोचना गरेको छ।

युरोपेली बजार पहिले नै कम प्रतिस्पर्धी हुँदै गएको र एआईको युगमा अझ पछाडि पर्ने जोखिम रहेको दाबी गर्दै अनुसन्धानकर्ता र औद्योगिक निकायले खुलापत्रमा हस्ताक्षर गरेका छन्।

हस्ताक्षरकर्ताहरूले युरोपेली नागरिकको फाइदाको लागि एआई प्रशिक्षणमा युरोपेली डाटा प्रयोग गर्न सक्षम बनाउन डाटा गोपनीयता नियामकहरूलाई द्रुत र स्पष्ट निर्णय गर्न आह्वान गरेका छन्।

फेसबूक, ह्वाट्सएप र इन्स्टाग्रामका मूल कम्पनी मेटाले हालै गोपनीयता नियामक निकायहरूको दबाबपछि आफ्ना एआई मोडेललाई प्रशिक्षण दिन युरोपेली प्रयोगकर्ताबाट डाटा सङ्कलन गर्ने योजना स्थगित गरेको थियो।

"युरोपेली डाटा संरक्षण अधिकारीको हस्तक्षेपले एआई मोडेलहरूलाई प्रशिक्षण दिन कस्तो प्रकारको डाटा प्रयोग गर्न सकिन्छ भन्ने बारे ठूलो अनिश्चितता सिर्जना गरेपछि हालको समयमा नियामक निर्णय लिने काम खण्डित र अप्रत्याशित भएको छ"–पत्रमा भनिएको छ।

युरोपेली आयोगका प्रवक्ताले युरोपेली सङ्घका सबै कम्पनीबाट डाटा गोपनीयतासम्बन्धी नियमहरूको पालना गर्ने अपेक्षा रहेको बताए।

मेटाले प्रयोगकर्ताहरूको गोपनीयता उल्लङ्घनका लागि रेकर्ड जरिवानाको सामना गरेको छ, जसमा जिडिपिआर अन्तर्गत एक अर्ब युरोभन्दा बढीको एकल जरिवाना समावेश छ।

युरोपेली सङ्घ युरोपेली प्रविधिको दुरुपयोग रोक्नका लागि डाटा गोपनीयतासम्बन्धी प्रमुख कानून बनाउने पहिलो क्षेत्रीय सङ्गठन बनेको छ। यसले यो वर्षको शुरूमा एआई ऐन लागू गरेको थियो।

मेटा र अन्य प्राविधिक कम्पनीले कानूनी स्पष्टता खोजिरहेका दाबी गर्दै युरोपेली बजारमा आफ्नो सुविधा प्रदान गर्न ढिलाइ गरिरहेका छन्।

मेटाले गत वर्ष युरोपेली बजारमा ट्विटरको वैकल्पिक सञ्जाल थ्रेड्स शुरू गर्न धेरै महीनासम्म ढिलाइ गरेको थियो।

गूगलले पनि युरोपेली सङ्घमा एआई उपकरणको सञ्चालन रोकेको छ। रासस

# श्रीलङ्कामा शनिवार मतदान हुँदै

कोलम्बो, ३ असोज/एएफपी

श्रीलङ्का आर्थिक सङ्कटमाथिको सावधानीपूर्ण अवतरणपछि श्रीलङ्कामा शनिवार मतदान हुन लागेको छ।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले अर्थतन्त्रलाई स्थिर बनाउन र महीनौंसम्मको खाद्यान्न, इन्धन र औषधिको अभावको अन्त्य गर्ने श्रेय दाबी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गरेका हुन्।

सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालीन निर्वाचित राष्ट्रपतिविरुद्ध आन्दोलित भएपछि देश छोडेर भागेका थिए भने विक्रमासिङ्घेले सङ्कटका समय देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झन्डै सङ्कटग्रस्त हुनुपहिलेको अवस्थामा पुर्‍याएका छन्।

निर्वाचनमा आफूलाई मतदान गर्न आह्वान गर्दै प्रचारको अन्तिम समयमा विक्रमासिङ्घेले भने, "सबै आशा हराएको पहिलेको समयलाई सोच्नुहोस् र कसलाई मतदान गर्ने फैसला गर्नुहोस्। हामीले सत्ता सम्हाल्दा खाना, ग्याँस, औषधि पाउन सक्ने कुनै आशा थिएन।"

उनले भने, "अब तपाईंसँग विकल्प छ। तपाईं आतङ्कको अवधिमा फर्कन चाहनुहुन्छ कि प्रगति गर्न चाहनुहुन्छ भन्ने निर्णय गर्नुहोस्।" उनी सङ्कटका समय नेतृत्व गरेको र देशलाई थप बर्बादीतर्फ जानबाट रोक्न सकेकोमा आफू विजयी हुनेमा आशावादी छन्।

विज्ञहरूका अनुसार श्रीलङ्काको अर्थतन्त्र अझै पनि कमजोर छ। यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिबद्धता अनुसार फेरि आएको छ। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सुयश | वृष | बेचैनी |
| मिथुन | मनोरञ्जन | कर्कट | कर्मप्राप्ति |
| सिंह | प्रगति | कन्या | वादविवाद |
| तुला | यात्रालाभ | वृश्चिक | शत्रुभय |
| धनु | चोरभय | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**मिथिला सागरः** धनुषाको मिथिलानगरपालिका–७ पोखरियास्थित मिथिला सागरको मनोरम दृश्य। यो ठाउँ अहिले आन्तरिक पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्दै गएको छ। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# संसदीय सुनवाइ समितिबाट १६ देशका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन

काठमाडौं, ३ असोज/रासस

संसदीय सुनुवाइ समितिले विभिन्न १६ देशका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन गरेको छ। समितिको बिहीवारको बैठकले बहुमतका आधारमा प्रस्तावित राजदूतहरूको नाम अनुमोदन गरेको हो।

समिति सदस्य महेश बर्तौलाले आवश्यक कागजात नपुगेका कारण श्रीलङ्काका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको नाम अनुमोदन हुन नसकेको जानकारी दिए। "उनले आवश्यक कागजात बुझाएपछि मात्रै नाम अनुमोदन गर्नेछौं," उनले भने।

बर्तौलाका अनुसार समिति सदस्यद्वय डोलप्रसाद अर्याल र प्रकाश अधिकारीले दक्षिण अफ्रिकाका लागि प्रस्तावित राजदूत कपिलमान श्रेष्ठ, इजरायलका लागि प्रस्तावित राजदूत धनप्रसाद पण्डित, मलेशियाका लागि प्रस्तावित राजदूत नेत्रप्रसाद तिम्सिना, भारतका लागि प्रस्तावित डा शङ्कर शर्माको नाम अनुमोदनमा असहमति जनाएका थिए।

सरकारले अमेरिकाका लागि लोकदर्शन रेग्मी, बेलायतका लागि चन्द्र घिमिरे, डेनमार्कका लागि सुम्निमा तुलाधर, दक्षिण कोरियाका लागि डा शिवमाया तुम्बाहाङ्फे, रूसका लागि जङ्गबहादुर चौहान, मलेशियाका लागि नेत्रप्रसाद तिम्सिनालाई राजदूतमा सिफारिश गरेको थियो।

यसैगरी, सरकारले चीनका लागि कृष्णप्रसाद ओली, इजरायलका लागि धनप्रसाद पण्डित, जर्मनीका लागि शैल रूपाखेती, कतारका लागि रमेशचन्द्र पौडेल, पोर्चुगलका लागि प्रकाशमणि पौडेल, पाकिस्तानका लागि रीता धिताल, भारतका लागि डा शङ्कर शर्मा, दक्षिण अफ्रिकाका लागि कपिलमान श्रेष्ठ, साउदी अरबका लागि नरेशविक्रम ढकाल, श्रीलङ्काका लागि रामकृष्ण भट्टराई र स्पेनका लागि सुनील नेपाललाई राजदूतमा प्रस्ताव गरेको थियो।

# संवैधानिक इजलास आवश्यक परे हप्तामा तीन दिन राख्न सकिन्छ –न्यायाधीश ढुङ्गाना

काठमाडौं, ३ असोज/रासस

सर्वोच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुङ्गानाले संवैधानिक इजलास आवश्यक पर्दा हप्तामा तीन दिन नियमितरूपमा सञ्चालन गर्न सकिने जानकारी दिए।

नायब महान्यायाधिवक्ता खेमराज ज्ञवालीले संवैधानिक इजलासलाई प्रभावकारी बनाउनुपर्ने र उक्त इजलासमा भएका मुद्दालाई प्रकृति छुट्याएर चाँडै न्याय निरूपण गर्नुपर्नेमा जोड दिए।

संविधानविद् डा भीमार्जुन आचार्यले संवैधानिक इजलास गठन गर्दादेखिका मुद्दा अहिलेसम्म पनि विचाराधीन अवस्थामा उक्त इजलास कार्यशैलीको औचित्यमाथि प्रश्न उठेको बताए।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले अन्तरसरकारी विवाद निरूपण गर्न संवैधानिक इजलास गठन गरिएको उल्लेख गर्दै यसलाई प्रभावकारी बनाउने विषयमा बृहत् छलफल जरुरी रहेकाले स्थायी न्यायाधीश नै त्यही इजलासका लागि तोक्नुपर्ने भनाइ राखे।

वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीले संवैधानिक इजलासले विगतमा संविधान विघटनका दुई ठूला मुद्दा, स्टिङ अपरेशनलगायत मुद्दा राम्रोसँग हेरेको तर संवैधानिक आयोगका पदाधिकारी नियुक्ति विवाद अहिलेसम्म पनि टुङ्गिन नसक्नु दुःखद भएको धारणा राखे।

वरिष्ठ अधिवक्ताहरू रविनारायण खनाल, दिनेश त्रिपाठी, महेशकुमार उपाध्याय र अधिवक्ताहरू शालिग्राम सापकोटा, डा रुद्र शर्मा, बाबुराम दाहाल, शान्ति खनाल, रोशनी पौडेल, विष्णुमाया भुसाल, प्रकाश महर्जन, ज्योति बाँनियालगायतले संवैधानिक इजलासमा धेरै समयदेखि मुद्दा भएको र छिटो विवाद निरूपणमा ध्यान दिन जरुरी भएको धारणा राखेका थिए।





संवैधानिक कानून व्यवसायी मञ्चले संविधान दिवसका अवसरमा बिहीवार आयोजना गरेको 'अन्तरसरकारी विवाद निरूपण : संवैधानिक इजलासको प्रभावकारिता' विषयक संवैधानिक संवादका क्रममा न्यायाधीश ढुङ्गानाले सर्वोच्च अदालतमा पूर्ण न्यायाधीश भएमा संवैधानिक इजलास तीन दिन चलाउन सकिने धारणा व्यक्त गरेका हुन्।

"हाल बुधवार र शुक्रवार संवैधानिक इजलास सञ्चालन गर्दै आएका छौं, आवश्यक पर्दा तीन दिन पनि सञ्चालन गर्न सक्ने व्यवस्था छ," उनले भने, "तर पूर्ण न्यायाधीश हुनुपर्छ, संवैधानिक इजलास परेको दिन बिदामा नबस्ने पनि अनुरोध गर्नुपर्छ।"

न्यायाधीश ढुङ्गानाले सर्वोच्च अदालतको पूर्ण बैठक (फुल कोर्ट)मा पनि संवैधानिक इजलासलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा गम्भीरतापूर्वक छलफल भइरहेको बताएका छन्।

'अन्तरसरकारी विवाद निरूपणः संवैधानिक इजलासको प्रभावकारिता' विषयमा अधिवक्ताहरू राजुप्रसाद चापागाईं, शर्मिला श्रेष्ठ र डा लीलाधर उपाध्यायले तयार पारेका आधारपत्रमा सर्वोच्च अदालतको पूर्ण बैठकमा संवैधानिक इजालसमा देखिएको विवादको न्याय निरूपणमा देखिएका समस्याको तत्काल समीक्षा गर्नुपर्ने र त्यस्ता मुद्दाहरूको पहिचान गरी तिनलाई यथोचित सम्बोधन गर्नुपर्ने, उक्त इजलास नियमित सञ्चालन गर्ने व्यवस्था गर्न विषय राखेका थिए।

मञ्चका अध्यक्ष ओमप्रकाश अर्यालले संवैधानिक विवादका मुद्दाको सुनवाइ गर्ने संवैधानिक इजलास नियमित सञ्चालन गर्नुपर्ने र त्यसलाई प्रभावकारी बनाउन जरुरी भएकाले छलफल चलाएको बताए।

# शिक्षाको मुख्य समस्या विषयगत शिक्षक नहुनु –मन्त्री जयसवाल

प्रस, परवानीपुर, ३ असोज/

मधेस प्रदेशमा विषयगत शिक्षकको अभाव नै शिक्षामा मुख्य समस्याको रूपमा देखिएको मधेस प्रदेशका खेलकूद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले बताएका छन् ।



बाराको प्रसौनी गाउँपालिकाले राष्ट्रिय शिक्षा दिवसको अवसरमा बुधवार आयोजना गरेको कार्यक्रममा मन्त्री जयसवालले अहिले मधेसको शिक्षाको मुख्य समस्या र चुनौती भनेको पर्याप्त सङ्ख्यामा विषयगत शिक्षक नहुनु बताए । उनले एउटा कक्षामा सयजना विद्यार्थीलाई पढाउनुपरेको छ, भौतिक पूर्वाधारको कमी रहेको छ, अनि यो अवस्थामा अधारभूत र मावि तहमा अङ्ग्रेजी र विज्ञान विषयको दरबन्दी अनुसारको शिक्षक नहुँदा विद्यार्थीहरूको पठनपाठनमा समस्या हुनु स्वाभाविक भएको बताए ।

उनले विभिन्न जिल्लाका पालिकाहरूको अनुगमन, अवलोकन गरिरहेको र मधेसको शिक्षा र खेलकूद क्षेत्रको समस्यालाई माथिल्लो निकायमा उठान गरी समाधानको लागि पहल गर्ने बताए । गापाध्यक्ष विनोद जयसवालले प्रसौनी गापामा शिक्षाको विकासको लागि आफू सबैभन्दा बढी केन्द्रित भएको दाबी गरे । उनले सामुदायिक विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको कारण पछिल्लो समय यहाँका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढिरहेको बताए । उनले सबैको साथ र सहयोगबाट प्रसौनीमा शिक्षाको स्तर वृद्धि हुने बताए ।

कार्यक्रममा २०८० सालको वार्षिक परीक्षामा कक्षा १ देखि ९ सम्म प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । यसैगरी, कक्षा ८ को जिल्लास्तरीय परीक्षामा पालिकाभरिमा उत्कृष्ट अङ्क ल्याउने पाँच/पाँच जना छात्रछात्रालाई जनही रु पाँच हजार नगदसहित सम्मानित गरिएको थियो । त्यसैगरी, प्रसौनी गापा–५, ६ र ७ का क्रमशः प्रस्टोका मावि, बेलहिया मावि र बन्जरिया माविका कक्षा ९ मा अध्ययनरत ८२ जना जेहेन्दार विद्यार्थीहरूलाई साइकल वितरण गरिएको थियो ।

त्यसैगरी, जिल्लामा माध्यमिक परीक्षामा दोस्रो स्थान ल्याउने नेरामावि, खुटवालाई नगद एक लाखसहित सम्मानित गरिएको थियो भने पालिकामा एसइईमा उत्कृष्ट नतीजा ल्याएको बेङ्गा साह मावि प्रसौनीका पाँच/पाँच जना छात्रछात्रालाई जनही नगद रु २५ हजार र साइकल वितरण गरिएको थियो । एसईइमा उत्कृष्ट जिपिए ल्याउने एक/एक जना छात्रछात्रालाई ल्यापटप पनि प्रदान गरिएको थियो । यसैगरी, कक्षा १२ को परीक्षामा उत्कृष्ट अङ्क ल्याउने एक/एक जना छात्रछात्रालाई ल्यापटप प्रदान गरिएको थियो ।

समारोहमा गापा उपाध्यक्ष किरण देवी, बाराका प्रहरी उपरीक्षक महेन्द्र खड्का, शैक्षिक तालीम केन्द्र कलैयाका प्रमुख ठूलोबाबू दाहाललगायतको सहभागिता थियो । कार्यक्रममा शिक्षा शाखा प्रमुख सन्तोष रौनियारले शिक्षा दिवसको बारेमा प्रकाश पारेका थिए भने स्वागत प्रमुख प्रशासकीय अधिकृत सुमितकुमार सिंहले र सहजीकरण प्रेमचन्द्रप्रसाद साहले गरेका थिए ।

# तेरापन्थद्वारा एक हजार पिन्ट रगत सङ्कलन

प्रस, वीरगंज, ३ असोज/

तेरापन्थ युवक परिषद्को आयोजनामा भदौ २५ देखि असोज ४ गतेसम्म ११ दिने रक्त सङ्कलन अभियान अन्तर्गत बिहीवार १०औं दिनसम्म एक हजार बढी पिन्ट रगत सङ्कलन भएको छ ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष साहले बिहीवार हुलास आइरन लिमिटेड, बहुअर्वाभाठा, पर्सामा १०७ पिन्ट रगत सङ्कलन भएकोसमेत गरी १०औं दिनसम्म १००५ पिन्ट रगत सङ्कलन भएको बताए ।

हुलास आइरनमा आज एकजना महिलासहित १०७ जनाले रक्तदान गरेको उनले बताए । सरोज मिश्र, अमृत राना, खड्कबहादुर विष्ट, हेमराज सेढाईं, सुरज भण्डारी, सन्तोष मण्डल, केशव थापा,



रवि राम, मुकेश मुखिया, नीरज सिंह, चन्द्रप्रकाश गिरी, सन्तोष ठाकुर, समीर आलमलगायतले रक्तदान गरेको प्राविधिक साहले बताए ।






## १६ लाखसहित एकजना पक्राउ

प्रस, सिराहा, ३ असोज/

सिराहाबाट स्रोत नखुलेको १६ लाख रुपैयाँसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिराहाको बरियारपट्टी गाउँपालिका वडा नं २ खोक्सिटोलका ४८ वर्षीय ललित दास रहेको प्रहरीले जनाएको छ ।

रकमसहित दासलाई प्रहरीले बुधवार बरियारपट्टी गाउँपालिका वडा नं १ गोरगम्मास्थित नेपाल–भारत सीमा क्षेत्रबाट पक्राउ गरेको थियो । सोबारे बिहीवार प्रहरीले सञ्चारकर्मीलाई जानकारी गराएको हो ।

सिराहाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाकाले जानकारी दिए अनुसार भारतबाट नेपालतर्फ स.१०प ९८५३ नम्बरको मोटरसाइकलमा आइरहेका दासलाई सुराकको आधारमा पक्राउ गरिएको हो । प्रहरी चौकी कचनारीबाट खटेको टोलीले चेकजाँच गर्दा दासको कम्मरमा गम्छाले बाँधेर लुकाएको अवस्थामा स्रोत नखुलेको नेरु १६ लाख बरामद भएको थियो ।

बरामद रकममध्ये एक हजार दरका एक हजार थान, पाँच सय दरका १२ सय थान गरी जम्मा १६ लाख नेपाली नोट रहेको प्रहरीले जनाएको छ ।

# अपाङ्गता भएका दुईजनालाई ह्वीलचेयर

प्रस, वीरगंज, ३ असोज/

उपकार सेवा नेपालले बिहीवार अपाङ्गता भएका दुईजनालाई ह्वीलचेयर



सहयोग गरेका छ । रौतहट जिल्ला माधवनारायण नगरपालिका–२ खेसरहिया निवासी १८ वर्षीय विगन राम र सोही स्थानका १३ वर्षीय अर्जुन पासवानलाई ह्वीलचेयर प्रदान गरिएको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए ।

उपकार सेवा नेपालकी अध्यक्ष विद्या सरावगीले रौतहटस्थित उनीहरूको घरमैं पुगेर ह्वीलचेयर हस्तान्तरण गरेकी थिइन् । राम र पासवान जन्मजात अपाङ्ग हुन् । ह्वीलचेयर पाएपछि हिंड्डुल गर्न सहज हुने पासवानका पिता श्रीहजरा पासवानले बताए ।

# खेलकूदको संसार

## नेपाल ओमनसँग पराजित

काठमाडौं, ३ असोज/रासस

आइसिसी विश्वकप लिग–२ प्रतियोगितामा नेपाल ओमानसँग एक विकेटले पराजित भएको छ । नेपालले दिएको २२० रनको लक्ष्य भेट्टाउँदै ओमानले जित हासिल गरेको हो ।

क्यानडाको म्यापल लिफ नर्थ–वेस्ट ग्राउन्ड (ए), किङ सिटी, अन्टेरियोमा भएको खेलमा ओमानले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । ओमानले नेपालले दिएको लक्ष्य ४९.५ ओभरमा नौ विकेटको क्षतिमा भेट्टाएको हो ।

## संविधान दिवसको उपलक्ष्यमा अन्तरविद्यालय बास्केटबल

प्रस, वीरगंज, ३ असोज/

संविधान दिवसको अवसरमा ज्ञानदा एकेडेमीले बास्केटबल प्रतियोगिताको आयोजना गरेको छ । प्रतियोगिताको उद्घाटन गर्दै रोटरी क्लब अफ वीरगंजका अध्यक्ष निर्मल खत्रीले विद्यार्थीहरूको शारीरिक तन्दुरुस्तीका लागि खेल आवश्यक भएको बताए । उनले अध्ययनका साथै अतिरिक्त क्रियाकलापमा पनि ज्ञानदाले विशेष ध्यान केन्द्रित गरेको बताए ।



एकेडेमीका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद कोइरालाले विद्यार्थीहरूलाई अध्ययनका साथै खेलकूदमा पनि अग्रसर बनाउने नीतिअनुरूप प्रतियोगिताहरू आयोजना गर्दै आएको बताए । उनले खेलकूदबाट विद्यार्थीहरूमा अनुशासनको अभ्यास पनि हुने र यसले शारीरिकरूपमा पनि तन्दुरुस्त राख्न मदत पुऱ्याउने बताए । अहिले खेलको माध्यमबाट पनि देशको पहिचान विदेशमा बढेको भन्दै उनले विद्यालय तहदेखि यसको अभ्यासबाट भविष्यमा विद्यार्थीहरूलाई खेलाडी बन्न सजिलो हुने बताए ।

कार्यक्रममा डा शाश्वत प्रसाद, डिडी केडिया, सोहन पोद्दार, योगेश जयसवाल, विवेक पटेल, डा आनन्दकुमार झा, लगायतको सहभागिता थियो ।

प्रतियोगितामा ज्ञानदा एकेडेमी, ग्यालेक्सी पब्लिक स्कूल, श्री ३ चन्द्र मावि कलैया, बाल एकता मावि, दिल्ली पब्लिक स्कूल सहभागी थिए । आज भएको पहिलो खेलमा ग्यालेक्सी पब्लिक स्कूलले श्री ३ चन्द्र माविलाई पराजित गऱ्यो । यसैगरी, दोस्रो खेलमा ज्ञानदा एकेडेमीले दिल्ली पब्लिक स्कूललाई पराजित गऱ्यो भने तेस्रो खेलमा ग्यालेक्सी पब्लिक स्कूलले बाल एकता माविलाई पराजित गऱ्यो । चौथो चरणको खेलमा ज्ञानदा र श्री ३ चन्द्रले बराबरी अङ्कमा खेले । प्रतियोतिाका बाँकी खेल भोलि शुक्रवार हुनेछ ।

## इन्फिनिटी ड्रिम्सको आयोजनामा महिला भलिबल लिग हुने

नितेश कर्ण, वीरगंज, ३ असोज/

इन्फिनिटी ड्रिम्सको आयोजनामा यही असोज १४–१९ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा पहिलो संस्करणको एभरेस्ट महिला भलिबल लिग प्रतियोगिता हुने भएको छ ।




बिहीवार वीरगंजमा प्रतियोगिताबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा इन्फिनिटी ड्रिम्स मधेस युनाइटेडकी प्रमुख प्रशासकीय अधिकृत संज्ञा श्रेष्ठले नेपाली भलिबलको इतिहासमैं पहिलोपटक महिला भलिबलको फ्रेन्चाइज लिगको पहिलो संस्करण हुन गइरहेको बताइन् । उनले एभरेस्ट महिला भलिबल लिगमा छवटा टोली सहभागी हुने जानकारी गराइन् ।

प्रतियोगितामा मधेस प्रदेशबाट मधेस युनाइटेड टीम सहभागी हुने उनले बताइन् । सबै टोलीमा १२ जना खेलाडी सहभागी रहने र त्यसका लागि युनाइटेडबाट आठजना नेपाली र तीनजना विदेशी खेलाडी छनोट भइसकेका र एकजनाको छनोट बाँकी रहेको उनले जानकारी दिइन् ।

उनले एकजना खेलाडीलाई मधेस युनाइटेडका मुख्य प्रशिक्षक भरत यादवले ट्यालेन्ट हन्ट कार्यक्रम सञ्चालन गरी छनोट गर्ने बताइन् । मधेस युनाइटेडबाट निरुता ठगुन्ना, सङ्गम महतो, शान्तिकला तामाङ, पूजा थारू, जसना महतो, हीरा केसी, एलिसा मानन्धर, आशिका क्षेत्री, कालिनोभा यभजेनिया, योस्रा जेरामदिनी र जिनी कोभात सहभागी हुने प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताइन् ।

पत्रकार सम्मेलनमा मधेस युनाइटेड टीमका सञ्चालक रोहित अग्रवाल, अनुज रूँगटा, दीपेश अग्रवाल, सञ्जय अग्रवाललगायतको सहभागिता थियो ।


## डेङ्गीबाट बच्ने उपायहरू ?

- लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- एयर कुलर, पानी ट्ङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड